का.जि.प्र.का.द.नं. १००/०५९/६०
२७ वैशाख २०८२,
शनिबार
10 May, 2025
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ९७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

वीपी राजमार्ग

# बर्खामा संचालनको पिरलो



जीवन शर्मा/मध्यान्ह
काठमाडौं, २६ वैशाख ।

गत १०-१३ असोजमा परेको अविरल वर्षाका कारण २४ किलोमिटर भागमा क्षति भएको र कम्तीमा १३ किलोमिटर कटान भएको बीपी राजमार्ग बर्खा लागेपछि नियमित संचालन गर्ने कुरा चिन्ताको विषय बनेको छ ।

हिउँदमा खोलाबाटै अस्थायी सडक बनाएर यातायात संचालनमा ल्याइएको उक्त सडक खण्डमा बर्खायाममा यातायात संचालनमा अवरोध हुने पक्का छ ।

पूर्वी तराई तथा पूर्वी पहाड र काठमाडौंसम्मको यात्रा सहज गर्ने विषयमा यसको विकल्पको पूर्वतयारी गर्नुपर्ने नागरिकले चिन्ता व्यक्त गरेका छन् ।

धुलिखेल-बर्दिबास जोड्ने यो राजमार्गको २४ किलोमिटर भागमा क्षति पुगेको थियो । बाढीले कटान गरेको १३ किलोमिटरभन्दा बढी सडकको भाग डाइभर्सन गरेर अहिले अस्थायी रूपमा संचालन भइरहेको छ ।



> २ वर्षसम्म बाटो कसरी चलाउने भनेर अस्थायी संरचना निर्माण गरिएको छ तर अहिले यातायात चलिरहेको कोशी किनारको सडकमा बर्खामा सवारी चल्दैनन्
>
> **अर्जुनप्रसाद अर्याल**
> उपमहानिर्देशक, सडक विभाग

जापान सरकारको सहयोगमा निर्माण भएको १५८ किलोमिटर लामो उक्त राजमार्ग झन्डै २ दशक लगाएर २०७१ सालमा सम्पन्न भएको थियो ।

नेपालमा मध्यजेठदेखि सुरु हुने मनसुन असोजसम्म रहने मौसम विज्ञहरूले बताएका छन् । यो अवधिमा नियमित यातायात आवतजावत गर्न प्रयोग हुने यो सडकखण्डमा फेरि कोशी पस्ने र अस्थायी संरचना बगाउने त्रास सबैलाई छ ।

उक्त अवधिभर राजमार्ग पूरै बन्द गर्नुभन्दा उच्च बाढी आएको समयमा मात्र बन्द गर्नेगरी अस्थायी संरचना तयार गरिएको सरकारी अधिकारीहरू बताउँछन् । बीपी राजमार्गलाई गत बाढीअघिको अवस्थामा ल्याउन कम्तीमा पनि २ वर्ष लाग्ने सडक विभागका उपमहानिर्देशक अर्जुनप्रसाद अर्यालले बताए ।

'२ वर्षसम्म त्यो बाटो कसरी चलाउने भनेर हामीले अस्थायी संरचना निर्माण गरेका त छौं', उनले भने, 'तर, अहिले यातायात चलिरहेको कोशी किनारको सडकमा बर्खामा सवारी चल्दैनन् । केही ठाउँहरूमा पानीको बहावले नभेट्नेगरी अस्थायी संरचना पनि बनाएका छौं । सडक क्षति भएको करिब १३ किलोमिटरमै त्यो अवस्था छैन । त्यसैले, बर्खा लाग्नुअघि नै केही विकल्पको खोजी हुनुपर्छ भन्ने छलफल सम्बन्धित निकायमा चलेको पनि छ ।'

अहिले खोलाको सतहभन्दा २ देखि ५ मिटरसम्म पुरेर गाडी चलाउने काम भइरहेको र त्यो काम १५ जेठसम्म सक्नेगरी लागेको उनको भनाइ छ । 'पहिलाको जस्तो विपद् आयो भने त लगिहाल्छ तर साधारण अवस्थामा बर्खामा पनि चलाउन मिल्नेगरी २ देखि ४ मिटरसम्म ग्याबिन पर्खाल उठाएर बनाइरहेका छौं', उनले भने ।

बाढीले क्षति पुर्‍याएको खुर्कोट-भकुण्डेबेंसी खण्डको १३ किलोमिटर सवारी पार गर्न अहिले कम्तीमा डेढ घण्टा समय लाग्ने सवारी चालकहरू बताउँछन् ।

सडक विभागले बीपी राजमार्गबाहेक सडक स्तरोन्नतिको काम र भौतिक क्षतिका कारण अरनिको राजमार्ग, कान्ति राजमार्ग, गाईघाटबाट पृष्ठ २ मा

# सिंहदरबारमै थन्किए सीमा विवाद

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, २६ वैशाख ।

एउटा चोकको नामलाई लिएर धनुषाको सबैला नगरपालिकामा उत्पन्न विवाद मिलेको छ । सबैला नगरपालिकास्थित भठिहन नजिकैको चौबाटोको नाम 'यादव चोक' राख्ने भनेर बोर्ड राखेपछि सिर्जना भएको विवाद अर्को नाम राख्नेगरी मिलेको हो ।

स्थानीय जनप्रतिनिधिहरू, स्थानीय राजनीतिक दललगायतको सर्वपक्षीय छलफलले बिहीबार विवादित चोकको नाम 'श्रीराम चोक' राख्नेगरी विवाद मिलाएको हो ।

यससँगै चोकको नामलाई लिएर विवाद हुँदा गत चैतमा धेरै व्यक्ति घाइते भएका थिए । प्रहरीले गोली चलाएर स्थिति नियन्त्रणमा लिनुपरेको थियो । विवाद भएको २ महिनाभित्रै सहमति जुटेको हो । यो स्थानीय स्तरमै मिलाउन सकिने विवाद थियो । त्यस कारण मिल्यो ।

तर, स्थानीय तहले नै मिलाउन नसक्ने सीमा विवादका धेरै निवेदन भने सिंहदरबारमा थन्किएका छन् ।

> वडा विभाजन, सिमाना हेरफेर र केन्द्र परिवर्तन गर्ने प्रस्ताव संघीय मामिला मन्त्रालयमा थन्किएका हुन् । मन्त्रालयका अनुसार जटिलता फुकाउनेगरी गृहकार्य गरेर त्यस्ता निवेदन अघि बढाइने छ

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार १०० बढी सीमा विवादमा निवेदन प्राप्त भएका छन् । पछिल्लो तथ्यांकअनुसार गाउँपालिका र नगरपालिकाका सीमा विवादमा ७० वटा निवेदन मन्त्रालयमा छन् । ३५ वटा निवेदन स्थानीय तहका नाम र केन्द्र हेरफेरसँग सम्बन्धित प्रस्ताव रहेका छन् । यी कुनैमाथि निर्णय हुन सकेको छैन ।

मन्त्रालयका अनुसार संघीय संरचनाअनुसार पुर्नसंरचना हुँदाका असन्तुष्टिसमेत रहेका छन् । २०७२ सालको संविधानले ७ प्रदेश र ७५३ स्थानीय तहको नक्सांकन गरेको छ । स्थानीय तह बन्नुभन्दा अगाडि गाउँ विकास समिति थिए । गाउँ विकास समिति मर्जर भएर स्थानीय तह बनेका छन् । यस्तोमा स्थानीय स्तरमा रहेको असन्तुष्टिसमेत मिलाउन भनेर सिंहदरबारमा निवेदन पुगेका छन् ।



> स्थानीय तहका सीमा विवादसम्बन्धी निवेदनहरू आइरहेका छन् । तिनको संकलन गर्ने काम भइराखेको छ ।
>
> **कालीप्रसाद पराजुली**
> सहसचिव, संघीय मामिला मन्त्रालय

संघीय संरचनाअनुसार २०७४ सालमा ३ वटै तहको चुनाव भएको थियो । स्थानीय तहको पहिलो कार्यकालमै सिंहदरबारमा पुगेका सीमा विवादका निवेदनसमेत समाधान भएका छैनन् । पहिलो कार्यकालमा विवाद समाधान नभएका विषय दोस्रो कार्यकालमा पनि जीवितै रहेका हुन् ।

संघीय मामिला मन्त्रालयका अनुसार पहिलो कार्यकालमा समाधान नभएका सीमा विवाद अर्को कार्यकाल सुरु भएपछि पुनः पठाउनुपर्ने प्रावधान छ । यसअनुसार संघीय मामिला मन्त्रालयमा १०० वढी निवेदन मन्त्रालयस्थित सिंहदरबार पुगेका हुन् । ती निवेदनहरूमा वडाहरूको सिमाना र स्थानीय तहहरूका बीचमा रहेका सीमा विवाद छन् ।

भौगोलिक रूपमा नजोडिनुपर्ने वडा जोडिएको र जोडिनुपर्ने वडा नजोडिएकोलगायतका दाबी निवेदनमा छन् । स्थानीय सेवाग्राहीलाई सेवा प्रदायक कार्यालयसम्म पुग्न अपायक परेको भनेर सीमा मिलाउनुपर्ने माग पनि गरिएका छन् । भौगोलिक र जनसंख्याको सन्तुलनका आधारमा पृष्ठ २ मा

भारत-पाकिस्तान तनाव

# जोखिममा नेपाली

## नेपाली नागरिकको सुरक्षाको प्रबन्ध गर्न सरकारलाई निर्देशन

निमिष झा/मध्यान्ह
काठमाडौं, २६ वैशाख ।

भारतको कश्मीरको पहलगाममा पर्यटकमाथि भएको आतंककारी आक्रमणपछि चुलिएको भारत र पाकिस्तानको युद्धमा नेपाली पनि जोखिममा परेका छन् ।

युद्धग्रस्त भारत र पाकिस्तानमा थुप्रै नेपाली रोजगारी, अध्ययन र अन्य कामको क्रममा छन् । दुवै देश युद्धमा होमिएपछि त्यहाँ रहेका नेपालीहरू जोखिममा परेका हुन् ।

युद्धग्रस्त क्षेत्रमा रहेका नेपाली नागरिकको सुरक्षाका लागि सरकारले विशेष तयारी गरेको जनाएको छ । नेपाली नागरिकलाई युद्धग्रस्त क्षेत्रमा नजान सरकारले एडभाइजरी जारी गर्ने तयारी पनि गरेको छ । युद्धका बेला हुन सक्ने खतराका सबै सम्भावनालाई ध्यानमा राखेर सरकारले सुरक्षा तयारी गरेको गृह मन्त्रालयले जनाएको छ ।

पछिल्लो तथ्यांकअनुसार भारतमा ८ देखि १० लाखको संख्यामा नेपाली बस्छन् । तीमध्ये अधिकांश अध्ययन, कृषि, उद्योग, व्यापार आदि क्षेत्रमा रोजगारीमा छन् । भारतमा सुरक्षा गार्डको काम गर्ने नेपालीहरू पनि प्रशस्त छन् ।

यस्तै, पाकिस्तानमा नगण्य नेपालीहरू बसिरहेका छन् । इस्लामावादस्थित नेपाली दूतावासकी तृतीय सचिव वृन्दा सुवेदी खड्काका अनुसार पाकिस्तानमा २०० को हाराहारीमा नेपालीहरू छन् । तीमध्ये अधिकांश विद्यार्थी हुन् । नेपाली विद्यार्थीहरू चिकित्साशास्त्र र इन्जिनियरिङ अध्ययन गर्न पाकिस्तान जाने गरेका छन् ।



वैदेशिक अध्ययनका लागि विभिन्न देश जानुअघि नेपाली विद्यार्थीले शिक्षा मन्त्रालयबाट नो अब्जेक्सन लेटर (एनओसी) लिने कुरा अनिवार्य गरेको छ ।

शिक्षा मन्त्रालयले पाकिस्तानका विभिन्न २४ शिक्षण संस्थाका लागि नेपाली विद्यार्थीलाई एनओसी जारी गरेको छ ।

तर, अनौपचारिक तवरले जानेको हकमा केही भन्न नसकिने शिक्षा मन्त्रालयका पदाधिकारीहरू बताउँछन् ।

भारत, पाकिस्तानलगायतका कतिपय देशमा विद्यार्थीहरू अनौपचारिक तवरले अध्ययन गर्न जाँदा एनओसी लिने गर्दैनन् । त्यसैले, सरकारसँग यकिन तथ्यांक छैन ।

भारत र पाकिस्तानमा रहेका नेपालीहरूको सुरक्षाको विषय नेपालको संसद्मा उठेको छ । विभिन्न दलका सांसद्हरूले भारत र पाकिस्तानमा रहेका नेपालीहरूको सुरक्षा चासोको विषय उठाएका छन् ।

सांसद्हरूको चासोमा सभामुख देवराज घिमिरेले समर्थन जनाएका छन् । प्रतिनिधिसभाको शुक्रबारको बैठकमा सभामुख घिमिरेले भारत पृष्ठ २ मा


वैदेशिक रोजगार विशेष

# फेमिस प्रणालीबारे नयाँ महानिर्देशक समक्ष व्यवसायीका गुनासै गुनासा

मध्यान्ह संवाददाता
काठमाडौं, २६ वैशाख ।

वैदेशिक रोजगार व्यवसायीहरूले वैदेशिक रोजगार विभागका महानिर्देशक कमलप्रसाद भट्टराईमाथि वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस) र उजुरीका सम्बन्धमा रहेका समस्या समाधानका लागि निरन्तर दबाब बढाएका छन् ।





गत सोमबार विभागमा पदबहाली गरेका नवनियुक्त महानिर्देशक भट्टराईलाई स्वागत तथा कार्यकाल सफलताको शुभकामना दिन आयोजित सबैजसो कार्यक्रममा वैदेशिक रोजगार व्यवसायीहरूले फेमिसमा देखिएका समस्या तत्कालै समाधानसहित प्रमाणविहीन उजुरी दर्तामा रोक र मेलमिलापको माध्यमबाट समस्याको समाधान गर्नुपर्नेमा जोड दिएका छन् ।पछिल्लो पटक शुक्रबार वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च र नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति सामाखुसीले आयोजना गरेको पृष्ठ २ मा

### जेहनदार विद्यार्थीलाई नेवा: समाजको सहयोग



**काठमाडौं/मस-** वैदेशिक रोजगार व्यवसायी नेवा: समाजले शिवपुरी माध्यमिक (प्राविधिक) विद्यालयमा अध्ययनरत एक छात्रालाई आर्थिक सहयोग तथा शैक्षिक सामग्री प्रदान गरेको छ ।

विद्यालयमा आयोजित एक कार्यक्रममा समाजका अध्यक्ष किसन प्रधानले विद्यालयको पृष्ठ २ मा

### बोलाउँदा आउनू, कन्सल्ट्यान्सी संचालन नगर्नू : महानिर्देशक भट्टराई

**काठमाडौं/मस-** नवनियुक्त महानिर्देशक कमलप्रसाद भट्टराईले फेमिस प्रणाली पुरानो भएको र मर्मत सुधार गर्दापनि अपेक्षा अनुसारको काम गर्न नसक्ने प्रष्ट भएको बताएका छन् । वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च नेपाल तथा नेपाल वैदेशिक रोजगार ब्यवसायी एकता समितिका प्रतिनिधिहरूलाई सम्बोधन गर्दै नवनियुक्त महानिर्देशक भट्टराईले फेमिस प्रणाली पुरानो भएको र मर्मत सुधार गर्दापनि अपेक्षा अनुसारको काम गर्न नसक्ने प्रष्ट भएको भन्दै नयाँ प्रणाली जडान गर्न गैरसरकारी क्षेत्रबाट स्रोत खोजी भएको जानकारी दिए । उनले व्यवसायीले माग गरेबमोजिम वैदेशिक पृष्ठ २ मा

**साउदीमा रोजगार**
कम्पनी: JAL HUMAN RESOURCES CO
पूर्व स्वीकृत मिति: २०८०/११/२२ चलानी नं.: ६०२१५९९७
शहर: Saudi Arabia, Dammam
LT. No.: 301112 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1. | Worker/Helper | 15 | 0 | स. काममा दक्ष | 1000 | ३६,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तवार्ता जब ओरिन्टेड ट्रेनिङ सेन्टर काठमाडौंमा २०८२ जेठ ४ र ५ गते (18 & 19 May 2025) मा हुनेछ ।
अन्तवार्ता न्यू रामजानकी ट्रेनिङ सेन्टर, बि.एम. ट्रेनिङ सेन्टर र गल्फ ट्रेनिङ सेन्टर जनकपुरमामा २०८२ जेठ ७ र ८ गते (21 & 22 May 2025) मा हुनेछ ।

यसै कम्पनीको लागि Bus Driver, Scaffolder, Mason, Carpenter, Steel Fixer, Labour/Helper Cleaner को पनि माग भएकोले इच्छुक व्यक्तिहरूले नि:शुल्क परामर्शको लागि मेनपावर कार्यालयमा सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9818750078, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
ISO 9001 : 2015

# ‘दलित समुदायसँग सम्बन्धित सवालमा सरकार गम्भीर छ’

**काठमाडौं/मस-** कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले दलित समुदायसँग सम्बन्धित सवालमा सरकार गम्भीर रहेको बताएका छन् । जातीय छुवाछूत र विभेद अन्त्यका लागि प्रभावकारी कानुनी कार्यान्वयन सुनिश्चित गर्न जोड दिँदै ‘दलित लाइभ्स म्याटर ग्लोबल एलायन्स’ र ‘ग्लोबल लिगल डिफेन्स फन्ड’ले शुक्रबार यहाँ आयोजना गरेको ‘जस्टिस समिट २०२५’ कार्यक्रममा उनले भने, ‘छुवाछूत र जातीय विभेद अन्त्य गर्न सरकारले नीतिगत र कानुनी प्रतिबद्धता लिएको छ ।’

प्रतिनिधिसभाका सांसद सन्तोष परियारले संविधानले दलित समुदायका हक अधिकार सुनिश्चित गरे पनि कार्यान्वयन पक्ष कमजोर रहेको टिप्पणी गरे । उनले ‘राज्य अझै पनि दलितका मुद्दामा गम्भीर देखिँदैन, हामी यो विभेद अन्त्य नभएसम्म लडिरहनेछौं ।’




सांसद सीता मिजारले संघ, प्रदेश र स्थानीय तहले दलित समुदाय लक्षित विशेष कार्यक्रम ल्याउनुपर्नेमा जोड दिँदै कार्यान्वयनको कमजोरीले समस्या उत्पन्न भएको बताइन् । दलित लाइभ्स म्याटर ग्लोबल एलायन्सका संस्थापक तथा अध्यक्ष प्रदीप परियारले दलित तथा सीमान्तकृत समुदायमाथि हुने संरचनागत विभेद, अन्याय र हिंसाको अन्त्यका लागि अर्थपूर्ण संवाद र सृजनात्मक पहल गर्दै जाने प्रतिबद्धता जनाए । कार्यक्रममा संविधान, संघीयता, समावेशीकरण, दलित महिला र न्याय, तथा जातभन्दा परको मोर्चाबन्दीजस्ता विषयमा तीनवटा कार्यपत्र प्रस्तुत गरिएको थियो । ती कार्यपत्रमा कानुनविद्हरू, राजनीतिक दलका नेताहरू र नागरिक समाजका प्रतिनिधिहरूले टिप्पणी गर्दै जातीय विभेद अन्त्य गर्न राज्यका सबै संयन्त्र गम्भीर र उत्तरदायी बन्नुपर्ने धारणा व्यक्त गरेका थिए ।

# ‘कर्णाली छोरी सम्मेलन’ आजदेखि

**पूर्ण सार्की/मध्यान्ह**
सुर्खेत, २६ वैशाख

कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरमा आजदेखि ‘कर्णाली छोरी सम्मेलन-२०८२’ सुरू हुँदैछ ।

ज्योति फाउण्डेसन र सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशको आयोजनामा सम्मेलन आयोजना गर्न लागिएको हो । तीन दिनसम्म चल्ने सम्मेलन २९ गते संचालन हुने भएको छ । कर्णालीमा पहिलो पटक छोरी सम्मेलन गर्न लागिएको हो ।

कर्णालीका छोरी सशक्तीकरण अभियानको माध्यमबाट सचेत, सबल, सक्षम तथा आत्मनिर्भर कर्णालीका छोरीहरूको निर्माण र विकासमा सघाउ पुऱ्याउनु सम्मेलनको मुख्य उद्देश्य रहेको ज्योती फाउण्डेसनका अध्यक्ष ज्योती कटुवालले शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइन् ।

कर्णालीका छोरीहरूलाई आफ्नो हक र अधिकार बोध गराउने र तिनीहरूको जीवन रूपान्तरणको माध्यमबाट कर्णालीको उज्जल भविष्यको चित्र कोर्ने अभिप्रायले आयोजना हुन लागेको सम्मेलनमा कर्णाली प्रदेशका सम्पूर्ण ७९ वटा स्थानीय तहबाट २/२ जना प्रतिनिधिहरू तथा सीमान्तकृत र लोपोन्मुख राउटे, राजी, बादी र बोटे समुदायबाटथप दुई दुई जना गरी करिब २ सय जना छोरीहरूको सहभागिता रहनेछ ।



आ-आफ्नो स्थानीय तह, क्षेत्र तथा समुदायको प्रतिनिधित्व गर्ने छोरीहरूले यस सम्मेलनमार्फत आफ्ना आवाजहरू मुखरित गर्ने अवसर पाउने छन् । सम्मेलनमा हरेक दिन छोरीका मनका कुरा, प्रवचन तथा बहस कार्यक्रमहरू संचालन हुनेछन् । ‘छोरीका मनका कुरा’ शीर्षकमा सहभागी छोरीहरूले आफ्ना भोगाइहरू सुनाउने छन् । यसका साथै सिर्जनशील छोरीहरूलाई उनको प्रतिभा प्रस्तुत गर्ने अवसर पनि प्रदान गरिनेछ ।

कार्यक्रममा ‘छोरीहरूको जीवन रूपान्तरण’ शीर्षकमा विज्ञ व्यक्तित्वबाट व्याख्या, विश्लेषण हुनेछ । सम्मेलनमा हरेक दिन विभिन्न शीर्षकमा बहस सत्रहरू संचालन हुनेछन् । बहसका विषयहरू छोरीहरूको सशक्तीकरण र जीवन रूपान्तरणसँग सम्बन्धित हुनेछन् । बहस सत्रहरूहरूमा राजनीतिमा कर्णालीका छोरी, शिक्षित छोरी किन जरूरी, स्वस्थ छोरी, स्वस्थ कर्णाली, कर्णालीका सारथि, कानुनी सेवामा कर्णालीका छोरी, कर्णालीका खेलाडी छोरी, महिनावारीका सकस, आमाका कुरा, महिनावारीको सकस, हामी सक्छौं तथा कर्णालीका कोइली, कर्णालीका न्याउली शीर्षकहरूमा बहस हुनेछ ।

बहस सत्रहरूमा वक्ता तथा सहजकर्ताका रुपमा विषय विज्ञ व्यक्तित्वहरूको सहभागिता रहने छ । प्रायः सबै सत्रहरूमा कर्णालीलाई जन्मथलो, थातथलो र कर्मथलो बनाउने कर्णालीका सन्ततीहरूलाई मौका दिइने छ । यसपटक मौका नपाएका कर्णालीका छोरीहरूले अर्कोपटक मौका पाउने आयोजकले जनाएको छ ।

# मोटरसाइकल दुर्घटना, १ जनाको मृत्यु

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २६ वैशाख

रौतहटको कटहरिया नगरपालिका-४ स्थित लालबकैया नदीको पुल छेउमा मोटरसाइकल दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ । दुर्घटनामा परी फतुवा विजयपुर नगरपालिका-४ टेग्राहाका अन्दाजी ४६ वर्षीय अनुठा राय यादवको मृत्यु भएको हो ।

भारतबाट नेपालतर्फ भन्सार छलीको सामान मोटरसाइकलमा ल्याउँदै गरेको तस्करलाई सशस्त्र प्रहरीले पछ्याउँदै गर्दा ३ वटा मोटरसाइकल एकआपसमा ठोक्किँदा दुर्घटना भएको थियो ।



दुर्घटनामा परी गम्भीर घाइते भएका यादवको शुक्रबार बिहान वीरगन्जस्थित गण्डक होस्पिटलमा मृत्यु भएको हो ।

बुधबार कटहरिया बजारबाट घरखर्चको समान किनमेल गरी घर फर्किने क्रममा कटहरिया गम्हरिया सडकखण्ड नजिकै सशस्त्र प्रहरी बल र तस्करबीचको भागडौडमा यादव दुर्घाटनामा परेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायब उपरीक्षक दीपककुमार रायले जनकारी दिए ।

**बर्खामा...**

खोटाङ जाने सगरमाथा राजमार्ग, मेची राजमार्ग, पूर्व-पश्चिम राजमार्गको दाउन्ने खण्ड र पृथ्वी राजमार्गको नागढुंगा-मुग्लिन खण्डमा बर्खाको समयमा यात्रा प्रभावित हुन सक्ने जनाएको छ ।

विभागका अनुसार उक्त सडक खण्डको पुनर्निर्माणका लागि सडक विभागलाई सरकारले ८ दशमलव ५ अर्ब बराबरको ठेक्का लगाउन अनुमति दिएको छ । क्षतिग्रस्त सडकलाई विभिन्न खण्डमा विभाजन गरेर छुट्टाछुट्टै ठेक्काको प्रक्रिया अघि बढिरहेको विभागका उपमहानिर्देशक अर्यालको भनाइ छ । अहिले ५ किलोमिटरभन्दा बढी ठाउँमा खोला डाइभर्सन गर्ने, गहिऱ्याउने र सडकको ट्र्याक उचाल्ने काम भइसकेको छ । बीपी राजमार्गको बिग्रिएको भागलाई ४ खण्डमा विभाजन गरी ठेक्का आह्वान भएको छ । सिन्धुलीतर्फको १ खण्ड र काभ्रेतर्फको २ खण्डको ठेक्का आह्वान भइसकेको छ । काभ्रेतर्फको डालाबेंसीदेखि चारसयबेंसी र चारसयबेंसीदेखि भकुण्डेबेंसीसम्मको खण्डको ठेक्का आह्वान भइसकेको हो ।

**जाइकाको सहयोग**

पुनर्निर्माण गर्नुपर्ने यो सडकको केही भाग भने जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले बनाइदिने भएको छ । बीपी राजमार्गअन्तर्गत बर्खे खोलादेखि पिप्लेसम्मको ३ दशमलव २ किलोमिटर खण्ड जाइकाले बनाइदिने सुनिश्चित भएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माले बताए ।

‘बर्खे खोलादेखि पिप्लेसम्मको ३ दशमलव २ किलोमिटरसम्मको खण्ड जाइकाले बनाइदिन तयार भएको छ’, उनले भने, ‘नेपाल सरकारसँग सम्झौताको तयारी उनीहरूले गरिरहेका छन् । केही दिनभित्रै सम्झौता हुन्छ ।’

उक्त खण्डका लागि २ अर्ब ६३ करोड नेपाली रुपैयाँ बराबर अनुदान दिन जाइका तयार भएको शर्माको भनाइ छ । उक्त क्षतिग्रस्त सडक पुनर्निर्माणका लागि नेपाल सरकारले पटक-पटक जाइकालाई आग्रह गरेको थियो ।

नेपाल सरकारको आग्रहअनुसार जाइकाले उक्त सडकखण्ड बनाउन राजी भएको र त्यसको निर्णय भई सम्झौताको तयारी भइरहेको सचिव शर्माले जानकारी दिए ।

**सिंहदरबारमै...**

सिमाना मिलाउनुपऱ्यो भनेर पनि निवेदन पुगेका छन् । सीमा विवादको अन्तिम टुंगो नेपाल सरकारबाट लगाउने व्यवस्था स्थानीय सरकार संचालन ऐनमा छ । यो ऐनअनुसार गाउँपालिका वा नगरपालिकाको संख्या र सिमाना हेरेफेर गर्नुपर्ने भएमा स्थानीय तहको निर्वाचन हुने मितिभन्दा कम्तीमा १ वर्ष अगावै सक्नुपर्ने हुन्छ । त्यस्तै, वडाको संख्या र सीमा हेरफेर पनि स्थानीय तहको निर्वाचनको १ वर्षअघि नै गर्नुपर्ने हुन्छ ।

स्थानीय तहका सीमा विवादका विषय गाउँपालिका भए गाउँपालिका र नगरपालिका भए नगरपालिकाको सभाको दुई तिहाइ बहुमतले पारित गरी प्रदेश सरकारकहाँ पठाउनुपर्छ । प्रदेशले उक्त प्रस्तावलाई अनुमोदन गरेर संघीय मन्त्रालयमा पठाउँछ ।

संघीय मन्त्रालयले मन्त्रिपरिषद्मा प्रस्ताव लैजान्छन् । यसरी मन्त्रिपरिषद्बाट निर्णय भएर गाउँपालिका र नगरपालिकाको सिमाना, नाम र केन्द्र परिवर्तन गर्न सकिने व्यवस्था छ ।

संघीय मामिला मन्त्रालयका अनुसार वडा विभाजन, सिमाना हेरफेर र केन्द्र परिवर्तन गर्ने विषय जटिल भएकाले अगाडि नबढेका हुन् । मन्त्रालयले जटिलता फुकाउनेगरी गृहकार्य गरेर त्यस्ता निवेदन अगाडि बढाउने मन्त्रालयका अधिकारीहरूको जबाफ छ ।

संघीय मामिला मन्त्रालयका सहसचिव काली प्रसाद पराजुली प्राप्त निवेदन संकलन गर्ने कार्य भइराखेको बताउँछन् । उनी भन्छन्, ‘स्थानीय तहका सीमा विवादसम्बन्धी निवेदनहरू आइरहेका छन् । तिनको संकलन गर्ने काम भइराखेको छ ।’

**जोखिममा...**

र पाकिस्तानबीच सिर्जित अवस्थालाई दृष्टिगत गर्दै त्यहाँ बसोबास गर्ने नेपालीको सुरक्षालगायत पर्न सक्ने सम्भावित समस्याप्रति सचेत भई आवश्यक व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराए ।

बैठकमा सांसदहरूले भारत र पाकिस्तानबीचको तनावबाट नेपालमा पर्न सक्ने सम्भावित प्रभावबारे सरकार सचेत हुनुपर्नेमा जोड दिँदै आवश्यक तयारी थाल्न सुझाव पनि दिए । प्रतिनिधिसभाको बैठकको शून्य समयमा सांसदहरूले भारत र पाकिस्तानको तनावमा परेका नेपालीहरूको सुरक्षा चासोको विषय उठाएका थिए । सांसद शेरबहादुर कुँवरले भारत र पाकिस्तानबीचको तनावले भारतमा विभिन्न पेसा व्यवसायमा रहेका लाखौं नेपाली नागरिकको सुरक्षामा ध्यान दिन सरकारको ध्यानाकर्षण गराए । सांसद शिशिर खनालले भारत र पाकिस्ताबीचको तनावका कारण नेपाल र नेपालीलाई पर्न सक्ने प्रभावबारे सजगता अपनाउन तथा पाकिस्तानमा अध्ययनरत विद्यार्थीको उद्धार गर्न सरकारसँग माग गरे । यस्तै, सांसद सरस्वती सुब्बाले भारत र पाकिस्तानबीचको तनावले दक्षिण एसियाली मुलुकलाई असर गरिरहेको उल्लेख गर्दै त्यसको प्रभाव नेपालमा पनि पर्न सक्ने भएकाले सरकारको ध्यानाकर्षण गराइन् ।

**नेपालीलाई सम्पर्क राख्न आग्रह**

२ देशबीच तनाव बढ्दै जाँदा परराष्ट्र मन्त्रालयले पाकिस्तानमा रहेका नेपाली विद्यार्थीहरूलाई इस्लामावादस्थित नेपाली दूतावासमा समन्वय गर्न आग्रह गरेको छ ।

शुक्रबार विज्ञप्ति निकाल्दै मन्त्रालयले समस्यामा परेका विद्यार्थीहरूलाई इस्लामावादस्थित नेपाली दूतावासमा समन्वय गर्न आग्रह गरेको हो ।

मन्त्रालयले हालै विकसित घटनाक्रमका सन्दर्भमा पाकिस्तानमा अध्ययनरत नेपाली विद्यार्थी एवं अन्य नेपालीहरूको सुरक्षा तथा हित सुनिश्चित गर्नेतर्फ नेपाल सरकार पूर्ण रूपमा सचेत रहेको जनाएको छ ।

इस्लामावादस्थित दूतावासकी तृतीय सचिव खड्काले नेपालीहरू त्रसित रहका बताइन् । ‘नेपाली विद्यार्थीहरू मानसिक रूपमा त्रस्त छन् । उनीहरूलाई दूतावासमा सम्पर्क गर्न आग्रह गरिएको छ’, उनले भनिन् । यस्तै, नयाँ दिल्लीस्थित नेपाली राजदूतावासले भारतमा रहेका नेपालीहरूलाई भारत सरकारको आधिकारिक निकायबाट जारी भएका सुरक्षासम्बन्धी निर्देशनहरूको पालना गर्न आग्रह गरेको छ । शुक्रबार सूचना जारी गर्दै दूतावासले विकसित घटनाक्रमहरूलाई मध्यनजर गर्दै भारतमा रहेका नेपालीहरूलाई सचेत र सुरक्षित रहन भारत सरकारले जारी गरेका निर्देशनहरूको पालना गर्न आग्रह गरेको छ । साथै, कुनै आपत्कालीन अवस्था आएमा नयाँ दिल्लीस्थित दूतावास र नेपाली महावाणिज्य दूतावास कोलकत्तामा आवश्यक समन्वय र सहजीकरणका लागि सम्पर्क गर्नसमेत सूचनामा आग्रह गरिएको छ ।

**४ वटै सुरक्षा निकाय ‘हाई अलर्ट’मा**

भारत-पाकिस्तानबीच तनाव बढेपछि नेपाल-भारत सीमा क्षेत्रमा सुरक्षा व्यवस्था कडा पारिएको छ ।

सशस्त्र प्रहरी बल र भारतीय सशस्त्र सीमा बल एसएसबीसँग संयुक्त गस्ती परिचालन गरिएको छ । सशस्त्रको सुरक्षा गस्तीले विभिन्न स्थानमा चेकप्वाइन्ट राखेर नेपाल-भारत आवतजावत गर्नेहरूमाथि निगरानी बढाएको छ ।

सशस्त्र प्रहरी बल नेपालका सहप्रवक्ता प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाका अनुसार नेपाल-भारत सीमानाकामा सशस्त्रका २४५ वटा बोर्डर आउट पोस्ट (बीओपी)मार्फत नै सीमानाकामा चौबीसै घण्टा निगरानी गरिरहेको छ ।

भारत-पाकिस्तान तनावका कारण नेपालमा हुन सक्ने सुरक्षा खतरालाई ध्यानमा राख्दै सीमामा हुन सक्ने गतिविधिमा निगरानी बढाइएको हो ।

सीमा क्षेत्रलाई व्यवस्थित गर्न र हुन सक्ने अवैध गतिविधिलाई रोक्न नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, नेपाली सेना तथा स्थानीय जनप्रतिनिधि र सर्वसाधारणसँग समन्वय गरिएको छ । नेपाल-भारत सीमा प्रयोग गरेर विभिन्न गतिविधि हुन सक्ने शंका गर्दै नेपालका ४ वटै सुरक्षा निकाय हाई अलर्टमा छन् ।

यस्तै, नेपालमा भइरहेका विभिन्न गतिविधिमाथि सेनाले निगरानी बढाएको छ । भारत-पाकिस्तान विवादपछि हुन सक्ने सुरक्षा खतराका विषयमा सूक्ष्म निगरानी गरिरहेको र देशलाई आवश्यक पर्दा परिचालन हुन सक्नेगरी तयारी अवस्थामा रहेको नेपाली सेनाले जनाएको छ ।

बुधबार प्रधानमन्त्री केपी शर्मा ओलीले केन्द्रीय सुरक्षा परिषद्को बैठक बोलाएर भारत-पाकिस्तानबीच बढिरहेको तनाव र त्यसले नेपालमा सिर्जना गर्ने सम्भावित चुनौतीका विषयमा छलफल गरेका थिए ।

**सुरक्षा प्रमुखसाग छलफल**

भारत र पाकिस्तानबीच द्वन्द्व बढिरहेका बेला सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले सुरक्षा निकायका प्रदेशस्तरीय प्रमुखसँग छलफल गरेका छन् । सुरक्षा निकायले अपनाइरहेको सतर्कताबारे मुख्यमन्त्री शाहले छलफल गरेका हुन् ।

छलफलमा सीमा सुरक्षामा सतर्कताबारे मुख्य छलफल भएको मुख्यमन्त्री कार्यालयले जनाएको छ । यसबाहेक लागुऔषध नियन्त्रण र सीमा क्षेत्रमा सहज आवागमनका विषयमा छलफल भएको छ ।

**के छन् सुरक्षा खतरा ?**

भारत-पाकिस्तान तनावले ती देशका नागरिकहरू नेपाल प्रवेश गर्ने खतरा रहेको सुरक्षा निकायको निष्कर्ष छ । गृह मन्त्रालयका अनुसार युद्धका बेला पीडितहरू अन्य देशमा शरण माग्न जाने प्रचलन छ । यस्ता समूहहरू लुकीछिपी नेपाल प्रवेश गर्न सक्ने सम्भावना छ । पाकिस्तानी रोहिंग्याहरू नेपाल छिर्ने बढी खतरा रहेको सुरक्षा निकायको निष्कर्ष छ ।

विस्थापित समूहले नेपालको भूमि प्रयोग गरेर आपराधिक गतिविधि बढाउन सक्ने खतरा पनि छ । यसका लागि सरकारले सीमामा संयुक्त गस्ती बढाउने, विशेष निगरानी गर्ने र सबै सुरक्षा निकायलाई ‘हाई अलर्ट’मा राखेको छ ।

**‘नेपाल-भारत सीमामा नजानू’**

नेपालस्थित चिनियाँ दूतावासले नेपाल-भारत सीमा क्षेत्रमा नजान आफ्ना नागरिकलाई आग्रह गरेको छ । पर्साको वीरगन्ज नाका हुँदै रक्सौल छिरेका ४ चिनियाँ नागरिकलाई भारतीय प्रहरीले पक्राउ गरेपछि चिनियाँ दूतावासले एडभाइजरी जारी गरेको हो । एडभाइजरीमा नेपाल-भारत सीमा क्षेत्रमा नजान दूतावासले आफ्ना नागरिकलाई सचेत गराएको हो ।

सीमा क्षेत्रमा गएर अनावश्यक तस्बिर नखिच्न पनि दूतावासले आग्रह गरेको छ ।

नेपाली र भारतीय नागरिकहरू खुल्ला सीमाका कारण बिनाभिसा एकअर्काको मुलुकमा सहजै आवातजावत गर्न सक्ने तर चीनलगायत तेस्रो मुलुकका नागरिकहरूलाई त्यो सुविधा नभएको समेत चिनियाँ दूतावासले भनेको छ ।

**भारतले दियो प्रधानमन्त्रीलाई बधाई**

प्रधानमन्त्री केपी शर्मा ओली र नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवबीच भेटवार्ता भएको छ । बालुवाटारमा भएको भेटमा उनीहरूबीच पहलगाम घटना र अहिले जारी भारत-पाकिस्तानको तनावका विषयमा छलफल भएको हो । राजदूत श्रीवास्तवले आतंकवादविरुद्ध भारत सरकारले चालेको कदमका विषयमा प्रधानमन्त्री ओलीलाई जानकारी गराएका थिए । उनले आक्रमण भएको ठाउँमा भारतले जबाफी कारबाही गरेको तर जेट हमला गरेको भन्ने प्रचार सत्य नभएको स्पष्ट गरेका थिए । राजदूत श्रीवास्तवले घटनाका सम्बन्धमा नेपाल सरकारबाट बिहीबार सार्वजनिक भएको वक्तव्यप्रति धन्यवाद दिएका थिए । परराष्ट्र मन्त्रालयले बिहीबार विज्ञप्ति जारी गरेर आतंकवादविरुद्ध नेपालले भारतप्रति बलियो समर्थन जनाएको थियो ।

प्रधानमन्त्री ओलीले नेपाल विश्व शान्तिका पक्षमा रहेको उल्लेख गर्दै सबै प्रकारका आतंकवादविरुद्ध आफ्नो दृढ अडानअनुरूप उक्त आतंकवादी हमलाको भर्त्सना गरेको बताए । उनले नेपालले कुनै पनि द्वन्द्वरत शक्तिलाई आफ्ना छिमेकी राष्ट्रहरूविरुद्ध आफ्नो भूमि प्रयोग गर्न नदिने स्पष्ट पारेका थिए ।

**कांग्रेस भारतको साथमा**

सत्तारूढ दल नेपाली कांग्रेसले कुनै पनि किसिमको आतंकवादको विरुद्धमा रहेको जनाएको छ । शुक्रबार बसेको पार्टीको पदाधिकारी र पूर्वपदाधिकारीको बैठकपछि प्रवक्ता डा. प्रकाशशरण महतले कांग्रेस आतंकवादको खिलाफमा रहेको बताए । उनले पाकिस्तान र भारतबीच चाँडै शान्ति कायम होस् भन्ने पक्षमा कांग्रेस रहेको बताए । आतंकवादको खिलाफमा हुने कारबाहीलाई बैठकले जायज ठहर गरेको पनि उनले बताए । महतले भने, ‘यो फुलस्केल युद्धको रूपमा परिणत नहोस्, शान्ति चाँडै बहाल होस् भन्ने हामी चाहन्छौं । हामी आतंकवादको खिलाफमा छौं र आतंकवादलाई निरुत्साहित गर्नेतर्फ हामी सधैं साथमा छौं ।’

**हवाई भाडा बढ्ने**

भारत र पाकिस्तानबीच उत्पन्न तनावले नेपाल भित्रिने हवाई जहाजको रुट लम्बिएको छ भने भाडा बढ्न सक्ने भएको छ । भारत-पाकिस्तान युद्धका कारण पाकिस्तानी आकाश हुँदै आएर नेपाल भित्रिने हवाईजहाजको रुट लम्बिएको हो । मध्यपूर्वअन्तर्गत नेपालबाट कतार, कुवेत, यूएई, साउदी अरेबिया, ओमान, टर्कीलगायत देशबाट नेपालमा उडान हुने गरेको छ । ती देशबाट आउँदा अफगानिस्तान र पाकिस्तानको आकाश हुँदै भारत प्रवेश गरेर आउने गर्छ । तर, युद्धका कारण ती रुटहरू बन्द गरिएको छ, जसका कारण हवाइ रुट लम्बिएको छ । नेपाल एसोसिएसन फर ट्राभल्स एन्ड टुर्स एजेन्ट्स (नाट्टा)ले भारत-पाकिस्तानबीच तनाव सुरु भएको हुँदा हवाई भाडा बढ्न सक्ने जनाएको छ ।

**फेमिस...**

कार्यक्रममा व्यवसायीले प्रमुख उल्लेखित समस्या तत्काल समाधान गर्न महानिर्देशक भट्टराईको ध्यानाकर्षण गराएका हुन् । गणतान्त्रिक मञ्चले जापानको रोजगारीमा भाषा प्रमाणपत्रको नाममा रहेको समस्या समाधानका लागि विशेष जोड दिएको छ । त्यसअघि नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले नवनियुक्त महानिर्देशक भट्टराईलाई बधाई तथा शुभकामना दिँदै लामो समयदेखि वैदेशिक रोजगार प्रशासनमा रहेका समस्या समाधान नहुँदा सिर्जना भएका प्रतिकूलताबारे अवगत गराएका थिए ।

गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैसीले फेमिसमा देखिएको समस्याले विपन्न अवस्थाका कामदार तथा वैदेशिक रोजगार व्यवसायीलाई आर्थिक क्षति भएको र रोजगारदाताहरूसँगको सम्बन्धमा अविश्वासको अवस्था बनेको भन्दै तत्कालै फेमिसमा सुधार गर्न वा भरपर्दा विकल्प खोज्न महानिर्देशक भट्टराईको ध्यानाकर्षण गराए ।

संघका सचिवसमेत रहेका मञ्चका महासचिव कुन्छादोर्जे दिमदोङले मुलुकको अर्थतन्त्र चलायमान बनाउन वैदेशिक रोजगार क्षेत्रले दिएको महत्वपूर्ण योगदानको चर्चा गर्दै वैदेशिक रोजगार क्षेत्रमा वर्तमान अवस्थामा समस्याको रूपमा देखिएका फेमिसको समस्या, सामान्य उजुरीका आधारमा व्यवसायीका कार्यालयमा अनुगमन तथा पक्राउ पुर्जी जारी हुने, मेलमिलाप प्रक्रियाबाट विवादको समाधान गर्नुपर्ने र जापान रोजगारीमा श्रम स्वीकृतिपछि वैदेशिक रोजगार ऐनले नचिनेको एक जापानी संस्थाले दिने भाषासम्बन्धी प्रमाणपत्रका कारणले जापानको रोजगारीमा देखिएको समस्या समाधानका लागि महानिर्देशक भट्टराईको ध्यानाकर्षण गराइएको मध्यान्ह दैनिकलाई जानकारी दिए । मञ्चका अध्यक्ष जैसीको नेतृत्वमा गएको प्रतिनिधिमण्डलमा मञ्च कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको उपस्थिति रहेको थियो ।

यसैबीच नेपाल वैदेशिक रोजगार एकता समिति सामाखुसीले फेमिस समस्या समाधानसहित सामान्य उजुरीका आधारमा व्यवसायीविरुद्ध जारी हुने पक्राउ पुर्जीले समस्या समाधान नगर्ने भन्दै मेलमिलाप प्रक्रियाबाट उजुरीको समाधान खोज्ने विषयलाई प्राथमिकतामा राख्न महानिर्देशक भट्टराईको ध्यानाकर्षण गराएको छ ।

समितिका सल्लाहकारसमेत रहेका संघका पूर्वअध्यक्ष रोहन गुरुङले फ्रि भिसा फ्रि टिकट विरुद्धको आन्दोलनका क्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग संघले गरेको ३१ बुँदे सहमतिको दफा १६ मा विभागमा दिएका उजुरी एक वर्षभन्दा बढी अवधि भएमा ३५ दिने सूचना प्रकाशित गरेर छलफल गरी फरफारक गर्ने, निवेदक ३५ दिनभित्र नआएको अवस्थामा तामेलीमा राख्ने गरी भएको सहमतिअनुसार विभागले उजुरी फछ्र्यौटको प्रक्रिया अघि बढाउनुपर्ने र सहमतिको २० नम्बर बुँदामा उल्लेखित करार अवधि अगावै कामदार आफ्नो कारणले स्वदेश फिर्ता भए, रोजगारदाताको भिसा र अन्य खर्च क्षतिपूर्ति दिएर स्वदेश फर्के पश्चात् क्षतिपूर्तिको दाबी नगर्ने गरी भएको सहमति अक्षरशः कार्यान्वयनमा लैजानुपर्ने माग गरे ।

समितिका सल्लाहकार एवं नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका पूर्वअध्यक्ष नरेन्द्रप्रसाद ढकालले सामान्य उजुरीका आधारमा पक्राउ पुर्जी जारी गरेर समस्याको समाधान नहुने भन्दै व्यवसायीलाई पत्र काट्नु अघि विभागमा बोलाएर अनिवार्यरूपमा छलफल चलाएर कामदार तथा व्यवसायी दुवैलाई मर्का नपर्ने गरी छलफल चलाउनु पर्ने, कन्सल्ट्यान्सी वा भिजिट भिसामार्फत गएकालाई श्रम स्वीकृति प्रदान गर्दा समस्या सिर्जना भएकाले त्यस्तो प्रक्रिया रोक्न माग गरे ।

समितिका उपाध्यक्ष तारानाथ अर्यालले फेमिसको समस्या तुरुन्तै समाधान गर्नुपर्ने, निर्देशिका भन्दा बाहिर गएर वैदेशिक रोजगार प्रक्रियामा रहेका राहदानीसमेत जफत गरेर व्यवसायीलाई पुर्जी काटेर सास्ती दिने प्रवृत्ति रहेकाले त्यसको अन्त्य गरिनुपर्ने माग गरे । उनले हाल भारत र पाकिस्तानबीचको द्वन्द्व थप चर्किएर हवाई तथा स्थलमार्ग बन्द भएको अवस्थामा नेपाली कामदारको सुरक्षित आवागमनको विकल्पबारे समयमै छलफल भइ व्यवसायीलाई आश्वस्त गरिनुपर्नेमा महानिर्देशक भट्टराईको ध्यानाकर्षण गराए । समितिका कार्यवाहक अध्यक्ष खड्कबहादुर क्षेत्रीको नेतृत्वमा गएको समितिको प्रतिनिधिमण्डलमा पदाधिकारी तथा सदस्यहरूको सहभागिता रहेको थियो । समितिका महासचिव मधुकर रिजालले कार्यक्रम संचालन गरेका थिए ।

**जेहनदार...**

कक्षा ७ मा अध्ययनरत अस्मिता महर्जनलाई एक वर्षको शैक्षिक शुल्कसहित पाठ्यपुस्तक र शैक्षिक सामग्री प्रदान गरे ।

अध्यक्ष प्रधानले उक्त विद्यालयमा अध्ययनरत छात्रा आर्थिक समस्यामा रहेको जानकारी पाएपछि व्यवसायी संस्थाको सामाजिक उत्तरदायित्वको जिम्मेवारी अन्तर्गत सहयोग प्रदान गरिएको बताए । जसलाई अति जरुरी छ, त्यस्ता परिवारका सन्तानलाई क्षमताले भ्याएसम्म सहयोग गर्ने संस्थाको उद्देश्य रहेको पनि अध्यक्ष प्रधानले जानकारी दिए । ‘मर्दा पर्दा नेवाः समाज’ भन्ने सामाजिक सेवाको उद्देश्य राखेर समाज क्रियाशील रहेको भन्दै अध्यक्ष प्रधानले आगामी दिनमा संस्थागत तथा व्यक्तिगत सहयोगको क्रमलाई तीव्रता दिने प्रतिबद्धता जनाए ।

विद्यालयका प्रधानाध्यापक प्रकाश सुवेदीले समाजको सहयोगप्रति आभार व्यक्त गरे । त्यस अवसरमा उपाध्यक्ष विजयराज श्रेष्ठ र कल्पना प्रधानको उपस्थिति रहेको थियो । यसअघि वैदेशिक रोजगार व्यवसायी नेवाः समाजले वैदेशिक रोजगारका क्रममा अलपत्र भइ उद्धार गरिएका महिलाहरूलाई आश्रय दिएको अमृतसार सामाजिक संस्थालाई पनि आर्थिक सहयोग गरेको थियो ।

**बोलाउँदा...**

रोजगारका उजुरीमा कानुनले मेलमिलापको व्यवस्था गरेकाले हतार-हतार गरेर पक्राउ पुर्जी जारी नगरिने, तर विभागले पत्राचार गरेको अवस्थामा विभागमा उपस्थित भएर उजुरकर्तासँग छलफल गर्नुपर्ने सुझाव दिए ।

महानिर्देशक भट्टराईले कन्सल्ट्यान्सीले वैदेशिक रोजगारमा कामदार पठाउने र वैदेशिक रोजगार व्यवसायीले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा कन्सल्ट्यान्सी खोलेर व्यक्तिगत श्रम स्वीकृतिमा कामदार पठाउन नहुनेमा व्यवसायी सचेत हुनुपर्ने बताए । उनले भने, ‘व्यवसायीले कन्सल्ट्यान्सी संचालन गरेको जानकारी विभागलाई छ, शिक्षा मन्त्रालयसँग छलफल गर्दा व्यवसायीले कन्सल्ट्यान्सी संचालन गरेको जवाफ फर्काएको अवस्थामा हामी समस्यामा पर्नेछौं ।’

महानिर्देशक भट्टराईले केही व्यक्ति तथा समूहले आफ्नो स्वार्थपूर्ति गर्नका लागि मिडियाकर्मी, सामाजिक अभियन्ता वा अन्य तेस्रो पक्षका नामबाट विभागमा उजुरी दर्ता गराइरहेको व्यवसायीको गुनासो समाधान गर्न आफूले मातहत कर्मचारीलाई निर्देशन दिने जानकारी दिए ।

**Besishahar Municipality**
**Office of Municipal Executive**
**Besishahar, Lamjung**

**Tender Cancellation Notice**

**Date of Notice Publication: 2082/01/27**

This is to notify all the concern that, Invitation of bids for the “Development of Digital Palika: A Comprehensive Office Manangement System and Mobile Application”, Development of Digital School: A Comprehensive School Manangement System” and “Procurement and Supply of Various Electronics Items” is hereby cancelled due to unavoidable circumstances. Please visit Besishahar Municipality’s Website www.besisaharmun.gov.np or PPMO’s Website bolpatra.gov.np/egp.

**मलेसियामा रोजगार**

कम्पनी : SQUAD SECURITY JOINT SERVICES SDN BHD
शहर: Jalan
पूर्व स्वीकृत मिति: २०८२/०१/२६
चलानी नं.: ६०२३७५४३
LT. No.: 323598

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 123 | 0 | स. काममा दक्ष | 1700 | ५४,३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ जेठ ३ गते (17 May 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Apollo Menpower Services Pvt. Ltd.**
Lic. No.: 22/048/049
Pinglasthan-09, Gaushala, Kathmandu, Tel.: 01-5901748, 5901370

# छिटोछरितो न्याय सम्पादन गर्नुपर्छ : राष्ट्रपति

**काठमाडौं/मस-** राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, कानुनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिबद्ध प्रणालीको व्यवस्था गरेको बताएका छन् । साथै उनले यी मूल्य मान्यताप्रति प्रतिबद्ध रहँदै यसको संरक्षण, प्रवर्द्धन एवम् न्यायपूर्ण समाज निर्माणमा न्याय र कानुन जगतको महत्त्वपूर्ण दायित्व रहेको स्मरण गराएका छन् ।



कानुन दिवसका अवसरमा शुक्रबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले भने, 'कानुन दिवसको आजको यस दिनले न्याय र कानुनको क्षेत्रमा आबद्ध सबै को मन र मस्तिष्कमा सो गुरुत्तर दायित्वको बोध निरन्तर गराई रहनेछ भन्ने विश्वास लिएको छु ।'

उनले राज्यको कार्यकारिणी, विधायिकी र न्यायिक अधिकार एउटै निकायबाट प्रयोग भइरहेको तत्कालीन अवस्थामा यो ऐन (प्रधान न्यायालय ऐन, २००८) लागू भएपछि व्यवहारिक रूपमै शक्ति पृथकीकरण र स्वतन्त्र न्यायपालिकाको अवधारणा अनुरूप न्याय सम्पादनको कार्यको थालनी भएको हुँदा न्याय र कानुन जगतमा यो दिनको विशेष महत्त्व रहेको धारणा व्यक्त गरे ।

नेपालको संविधानको मर्म एवं वर्तमान आवश्यकता अनुरूप नयाँ कानुनको निर्माण र प्रचलित कानुनमा समसामयिक सुधार गरी आधुनिक पद्धति र प्रविधिसमेतको प्रयोगबाट आम नागरिकको न्यायमा सहज पहुँच स्थापित, मुद्दाको शीघ्र व्यवस्थापनमार्फत छिटोछरितो न्याय सम्पादन हुनुपर्ने राष्ट्रपतिको भनाइ छ ।

# साढे ५२ हजारलाई निःशुल्क कानुनी सेवा

**काठमाडौं/मस-** काठमाडौं महानगरपालिका (कामपा) उपप्रमुख सुनिता डंगोलले हालसम्म महानगरबाट ५२ हजार ७ सय ४० जनाले निःशुल्क कानुनी सेवा लिएको बताएकी छिन् । कानुन दिवसका अवसरमा विशेष अदालतले आयोजना गरेको कार्यक्रममा उनले यो जानकारी दिएकी हुन् ।



'कानुनी सेवा सबैका लागि पहुँचयोग्य र सर्वसुलभ बनाउनुपर्छ भन्ने उद्देश्यसहित काठमाडौं महानगरपालिकाले निःशुल्क कानुनी सेवा दिँदै आएको छ,' उनले भनिन्, 'कानुनी राज्य स्थापना गर्न कानुनी सेवा सबैको पहुँचमा पुऱ्याउनुपर्छ भनेर हामीले निःशुल्क कानुनी सेवा सुरुवात गरेपछि अहिलेसम्मको तथ्यांक अनुसार काठमाडौं महानगरबाट ५२ हजार ७ सय ४० जनाले निःशुल्क सेवा लिएका छन् ।'

उपप्रमुख डंगोलले काठमाडौं महानगरपालिकाले अहिलेसम्म ८३ वटा सुनुवाइ गरेको भन्दै ६ सय ८५ विवादमध्ये ३ सय २६ वटा निर्णय गरिसकेको र ९० वटा मेलमिलापबाट समाधान गरेको जानकारी दिइन् । उनले निःशुल्क कानुनी सेवासँगै काठमाडौंमा मेलमिलाप संख्यामा पनि वृद्धि भएको दाबी गरिन् । 'हामीले कानुनी सेवा पहुँचयोग्य बनाउन ३२ वटै वडामा मेलमिलाप केन्द्र र महिला सञ्जाल स्थापना गरेका छौं,' डंगोलले भनिन्, 'लैङ्गिकताका आधारमा हुने हिंसा सम्बोधन गर्न र सरल, सहज अनि समयमै न्यायको अनुभूति गर्ने अवस्था बनोस् भनेर महिला सञ्जाल स्थापना गरेका हौं । जसका कारण महिला हिंसाका धेरै घटनामा न्यायका लागि न्यायिक समितिसम्म कुर्नुपर्ने अवस्था अन्त्य भएको छ ।' कानुन दिवसका अवसरमा विशेष अदालतले आयोजना गरेको कार्यक्रममा उपप्रमुख सुनिता डंगोल लगायत ।

उनले स्थानीय तहदेखि सर्वोच्च अदालतसम्म नै कानुन कार्यान्वयनका सन्दर्भमा चुक्ने गरेको दृष्टान्त उल्लेख गरिन् । यो सबैभन्दा ठूलो चुनौती भएको उनको भनाइ थियो । संविधानको भाग-७ को धारा २१७ मा स्पष्टसँग न्यायिक समितिको परिकल्पना गरिएको भन्दै स्थानीय तह र अझ न्यायिक समितिलाई अझै फराकिलो र बलियो बनाएर लैजानुपर्ने उनको भनाइ थियो ।

# महाकाली सिँचाइ तेस्रो चरणले गति लिँदै

**कन्चनपुर/मस-** राष्ट्रिय गौरवको आयोजनामा समावेश भएपछि महाकाली सिँचाइ तेस्रो चरणको कामले गति लिएको छ । २०६३/६४ देखि सुरु भएको यो आयोजनाले सुरुमा बजेट अभावका कारण गति लिन सकेको थिएन ।



२०७६/७७ मा राष्ट्रिय गौरवको आयोजनामा समावेश भएपछि निर्माणले तीव्रता पाएको आयोजना प्रमुख योगेन्द्र मिश्रले बताए । उनका अनुसार हालसम्म २६ प्रतिशत काम सम्पन्न भएको छ ।

'बजेट अभाव, मुआब्जा वितरण र वनको समस्याले कामले गति लिन सकेको थिएन,' उनले भने, '२०७६/७७ मा राष्ट्रिय गौरवको आयोजनामा समावेश भएपछि सरकारको प्राथमिकतामा पऱ्यो । त्यसपछि बजेट आउन थाल्यो ।'

मिश्रका अनुसार टनकपुरदेखि कैलालीको गोदावरीसम्म ४८ किलोमिटर मूल नहर निर्माण गर्नुपर्नेमा २८ किलोमिटर सम्पन्न भएको छ । बाँकी २० किलोमिटर नहर निर्माण भइरहेको छ । '२८ किलोमिटर मूल नहरबाट सिँचाइका लागि २२ शाखा नहर निर्माण अन्तिम चरणमा छ,' उनले भने, 'यसै वर्षदेखि चार हजार हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने तयारी छ ।'

२०७७ माघको निर्णयअनुसार २०८७ सम्म कैलालीको मालाखेतीसम्म नहर निर्माण गर्ने लक्ष्य छ । १५१ किलोमिटर नहर निर्माण भएपछि कञ्चनपुर र कैलालीको ३३ हजार ५२० हेक्टर जमिनमा सिँचाइ सुविधा पुग्नेछ । हालसम्म ९ अर्ब रुपैयाँ खर्च भएको र चालु वर्षमा २ अर्ब बजेट विनियोजन भएको मिश्रले बताए ।

'नहर निर्माणका लागि १० हजार रूख कटान गर्नुपर्छ। गत वर्ष मन्त्रिपरिषद्ले निर्णय गरिसकेको छ, हामीले विभागसँग सम्झौता गरेका छौं,' मिश्रले भने, 'एक हप्ताभित्र रूख कटानको आदेश आउँदै छ ।'

नेपालतर्फ ५ हजार हेक्टरमा सिँचाइ संरचना तयार भए पनि भारतीय पक्षले मूल नहरमा पानी नछोड्दा समस्या भएको मिश्रले बताए । भारतीय पक्षले टनकपुरबाट पानी छोडे ब्रह्मदेव क्षेत्रका किसानले सिँचाइ सुविधा पाउने उनको भनाइ छ । आयोजनाले कञ्चनपुरको ९० प्रतिशत खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याउने छ । सिँचाइ अभावमा किसान आकाशे पानीको भरमा खेती गर्न बाध्य छन् । 'मैले ७ बिघा जग्गा भाडामा लिएर उखु खेती गरेको छु । उखुमा धेरै पानी चाहिन्छ, यहाँ सिँचाइको समस्या छ,' स्थानीय तेजबहादुर चन्दले भने, '२ वटा सुगर मिल भए पनि बोरिङबाट सिँचाइ गर्दा लागत धेरै लाग्छ ।'

बेदकोट-७ का विष्णु भट्टले सिँचाइ सुविधा उपलब्ध भए किसानलाई राहत पुग्ने बताए । 'सिँचाइ नहुँदा आकाशे पानीको भरमा रोपाइँ गर्नुपर्छ,' उनले भने, 'नहरमा पानी आए खर्च कम हुन्छ, सुविधा पनि पुग्छ ।'

कृषि ज्ञान केन्द्रका अनुसार कञ्चनपुरमा एक लाख ६१ हजार ७४१ हेक्टर खेतीयोग्य जमिन छ । जसमध्ये ५९ हजार ६०२ हेक्टरमा खेती हुन्छ, तर २९ प्रतिशतमा मात्र सिँचाइ सुविधा छ । हाल महाकाली सिँचाइको पहिलो र दोस्रो चरणबाट ११,६०० हेक्टरमा सिँचाइ सुविधा उपलब्ध छ ।

२०४२ मा सुरु भई २०४८ मा सम्पन्न पहिलो चरणले ४ हजार ८०० हेक्टर र २०५२ मा सम्पन्न दोस्रो चरणले ६ हजार ८०० हेक्टरमा सिँचाइ सुविधा पुऱ्याएको छ । तर, सुक्खा याममा भारतले कम पानी छोड्दा बेलौरीसम्म पानी पुग्दैन, जसले किसानलाई समस्या भएको छ ।

# कुवेतमा ३ नेपाली मृत फेला १ जनाको हत्या आशंका

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २६ वैशाख

कुवेतमा कार्यरत ३ नेपाली मृत भेटिएका छन् । कुवेतको दुई अलग ठाउँमा भेटिएका शवमध्ये तीनै जना नेपाली रहेको पुष्टि भएको कुवेतस्थित नेपाली दूतावासका सूचना अधिकारी प्रथम सचिव प्रेमराज गौतमले जानकारी दिए ।




कुवेतबाट प्रकाशन हुने अरब टाइम्स दैनिकका अनुसार खैतान भवनको छतमा २ जना एसियाली मुलुकका आप्रवासी कामदारको शव फेला परेको जनाएको छ । मृत्युको कारणबारे अनुसन्धान भइरहे पनि विषाक्त मदिरा सेवन भएको अनुसन्धानमा खटिएको सुरक्षा स्रोतलाई उद्धृत गर्दै अरब टाइम्सले उल्लेख गरेको छ । घरको छतमा भेटिएका शवको फरेन्सिक रिपोर्टअनुसार शवमा कुनै पनि प्रकारको शारीरिक आक्रमण वा हिंसा भएको संकेत नदेखिएको जनाइएको छ ।

कुवेतकै सुबिया मरुभूमिमा एक अर्को शव पनि भेटिएको अरब टाइम्सले लेखेको छ । उनी झापाको बिर्तामोड नगरपालिका-१ हनुमाननगरका ३३ वर्षीय विकास कार्की भएको जनाएको छ । अनुसन्धानमा खटिएको सुरक्षा स्रोतलाई उल्लेख गर्दै अरब टाइम्सले मरुभूमिमा भेटिएको शवको घटनामा आपराधिक समूहको हात रहेको आशंका गरिएको छ ।

# पोखरियामा जल्सा आयोजना

**महमद सदाब/मध्यान्ह**
वीरगन्ज, २६ वैशाख

आजाद मदरसा तालिमुल कुरान पोखरीयाको आयोजनामा दुई दिने पहला दोरोजा इज्लास एत्तम इस्लाह एमोआशरा व दस्तारवन्दी अराकिने जल्सा आयोजना गरेको छ ।



पोखरीया नगरपालिका ४ आयोजित जल्सामा नेपाल तथा भारतका प्रख्यात आलिम र चतूर्वेदी बोलमाहरुको सहभागीता रहेको छ । जल्सामा कुरान तथा चार वटै बेदको बारेमा जानकारी गराइनेछ ।

जल्साको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री जनार्दन सिंह क्षेत्रीले उद्घाटन गरेका थिए ।

कार्यक्रमको विशिष्ट अतिथि वीरगन्ज महानगरपालिकाका उपप्रमुख इम्तिया जालमले सबै जातजातिहरु मिलेर बस्नुपर्ने बताए । कार्यक्रमका पूर्व सांसद हरिनारायण रौनियार, नगरप्रमुख प्रधुमन प्रसाद चौहान, उपमेयर रुवि कुमारी ठाकुर, पूर्वमेयर दिपनारायण रौनियार, निजामोदिन समानी, पूर्वसांसद रामेशवर रौनियार लगायतको उपस्थिति रहेको थियो ।

# सीमाका नागरिकलाई सैलुन संचालन तालिम

**रौतहट/मस-** रौतहटको गौर नगरपालिकामा सीपमूलक सैलुन संचालन 'केस कर्तक' तालिम सम्पन्न भएको छ । सशस्त्र प्रहरी बल नेपाल नं.११ गण हेडक्वाटरको आयोजनामा सीमाबासी समुदायलाई लक्षित गर्दै तालिम संचालन गरिएको हो । समापन कार्यक्रममा गौर नगरपालिकाका नगर प्रमुख शम्भू साह प्रमुख अतिथि रहेका थिए ।

तालिमले स्थानीय महिलाहरूलाई आत्मनिर्भर बनाउन तथा सीप विकासमार्फत रोजगारीको अवसर सृजना गर्ने लक्ष्य राखेको थियो । तालिममा सहभागीहरूले व्यावसायिक रूपमै सैलुन संचालन गर्न सक्ने सीप प्राप्त गरेका छन् । समापन कार्यक्रममा प्रमुख अतिथि साहले तालिम प्राप्त महिलाहरूलाई प्रमाणपत्र वितरण गर्दै भविष्यमा पनि यस्ता सीपमूलक तालिमलाई प्राथमिकता दिने प्रतिबद्धता जनाए । कार्यक्रममा सशस्त्र प्रहरीका वरिष्ठ अधिकारीहरू, स्थानिय जनप्रतिनिधि तथा समुदायका सदस्यहरूको समेत उपस्थिति रहेको थियो ।

**UAE मा रोजगार** | कम्पनी : Fekrah Wa Fan Decoration | शहर : UAE
पूर्व स्वीकृत मिति: २०८२/०१/२६ | चलानी नं.: ६०२३७५४१ | LT. No.: 323418

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,७१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electrician | 1 | 0 | | 1200 | ४४,७१२ | | | | | | | |

कम्पनी : Fekrah Wa Fan Building Contracting | शहर : UAE
पूर्व स्वीकृत मिति: २०८२/०१/२६ | चलानी नं.: ६०२३७५४२ | LT. No.: 323417

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason For Plaster ./ Block | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,७१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason For Tile / Marble | 2 | 0 | | 1200 | ४४,७१२ | | | | | | | |
| 3. | Shattering Carpenter | 2 | 0 | | 1200 | ४४,७१२ | | | | | | | |
| 4. | Steel Fixer/rod Binder | 2 | 0 | | 1200 | ४४,७१२ | | | | | | | |

अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ ३ गते (17 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**आस्था इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.**
महराजगंज, काठमाडौं, फोन: ०१–४५४७९४७, Mobile No.: 9802358223 / 9802358233.
E-mail : aasthamanpower@gmail.com, Web.:asthamanpower.com
श्रम इजाजत पत्र नं.: ७१८/०६४/०६५

**प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**कोशी प्रदेश**
**स्वास्थ्य निर्देशनलय**
**जिल्ला अस्पताल सङ्खुवासभा**
**खाँदबारी, सङ्खुवासभा**

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०१/२७**

यस जिल्ला अस्पताल सङ्खुसभाद्धारा मिति २०८२-०१-०९ गते प्रकाशित भएको सूचना अनुसार म्यादभित्र दर्ता भएका शिलबन्दी दरभाउपत्रहरु मध्ये आर्थिक प्रस्तावको मूल्यांकन गर्दा तपसिल बमोजिमको दरभाउपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारीस भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | कामको विवरण | दरभाउपत्रदाताको नाम, ठेगाना | कबोल अंक (मू.अ.कर बाहेक) | बोधार्थ |
|---|---|---|---|---|
| १. | Procurement of Furniture and Fixture Contract ID-DHS/SQN/3/081/82 | श्री ज्योति फर्निचर उद्योग., खा.न.पा. १ | रु. १३,०७,२५०.०० (अक्षेरुपी तेह्र लाख सात हजार दुई सय पचास मात्र, (मू.अ.कर र पि.एस. बाहेक) | क) श्री पुजा आधुनिक फर्निचर उद्योग, खा. न.पा. १ ख) श्री प्रभात ट्रेड एण्ड सप्लार्यस, खा.न.पा. ११ |

**मेडिकल सुपरीटेन्डेन्ट**

**नवराजपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**नवराजपुर, सिरहा**
**स्था. २०७३**
**मधेस प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशन मितिः-२०८२/०१/२७)**

प्रस्तुत विषयमा यस नवराजपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिरहाको मिति २०८१/१२/२२ गते प्रकाशित सूचना बमोजिम मिति २०८२/०१/२१ सम्म यस गा.पा.मा पेश हुन आएका बोलपत्रहरुको मूल्यांकन गर्दा मूल्यांकन समितिको मिति २०८२/०१/२६ गतेको निर्णय बमोजिम देहायको बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम यो ७ दिने आशयको सूचना प्रकाशन गरीएको छ ।

**तपसिल**

| क्र. सं. | ठेक्का न. | योजनाको नाम | स्वीकृतको लागि छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | रकम (मु.अ.कर र P.S. समेत) | कैफियत |
|---|---|---|---|---|---|
| १. | NRM/NCB /WORKS /2081/82-06 | Bipanna Pariwarko Lagi Nagrik Awas Bhawan Nirman Karya | Safalta Engineering Consultancy & Construction, Sakhuwanankarkatti Rural Municipality–4, Siraha | ३१,६८,३६०/६६ | |

**प्रमुख प्रशासकीय अधिकृत**

नियात्रा

# रारा, पर्यटन र प्राकृतिक सौन्दर्य



■ के. बी. मसाल

पर्यटनका लागि मुगु भन्नासाथ धेरैले राराको सम्स्मरण गर्छन्। तर, मुगु पुगिसकेपछि घुम्नै पर्ने स्थान धेरै छन्। मुगुमा नेपालको सबैभन्दा ठूलो ताल रारा धेरै पुगेका छन् भने नपुग्नेले पनि सुनेका छन्।

तर, मुगुमा विश्वका चारधाममध्येको जेठो धाम छायानाथ धाम, १ रुपैयाँको नोटमा राखिएको चंखेली हिमाल, काञ्जिरोवा हिमाल, चावाचुली हिमाल, कर्णालीको कुल देवताको जेठो भाइ थार्प मष्टा, खेस्ममालिका, ऋणमोक्ष, कालीकामालिका मन्दिर, अपर मुगु, सोरु तातोपानीलगायत पर्यटनका लागि पुग्नुपर्ने ठाउँहरू छन्।

कर्णाली आफैंमा सांस्कृतिक तथा जैविक विविधता भएको क्षेत्र हो। कच्ची भए पनि सडकको विकास र प्रचारप्रसारको व्यापकतासँगै पछिल्लो समय नेपालीमा घुम्ने संस्कृतिको विकास भएको छ, जसका कारण अहिले हिमाली क्षेत्रमा रहेका ताल तलैया र प्राकृतिक सम्पदामा पनि आन्तरिक पर्यटकहरू पुग्ने गरेका छन्।

मुगु जिल्लाको रारा ताल प्राकृतिक सुन्दरताले सजिएको एक मनमोहक नेपालकै सबैभन्दा ठूलो ताल हो। घुम्न जाने पर्यटकहरूका लागि रारा ताल रोजाइमा पर्छ। रारा समुद्र सतहदेखि १० हजार फिटको उचाइमा पर्छ। रारा ताल १० दशमलव ८ वर्गकिलोमिटरमा फैलिएको छ।

रारा स्वच्छ पानीमा नीलो आकाशको छायाका कारण गाढा नीलो देखिन्छ। राराले दिनमा निकैचोटि रङ फेर्छ। कहिले नीलो, कहिले बैजनी, कहिले सिम्रिक जस्तो अनि कहिले खैरो रङले पर्यटकहरूलाई आकर्षण गर्छ।

मौसमअनुसार दिनमै ४-५ चोटि फेरिने राराको पानीको रङमा मिसिन आइपुग्छ सिन्जे र काञ्जिरोवा हिमालको छाया। यसले रारा साँच्चिकै धर्तीको स्वर्गको अप्सरा जस्तै देखिन्छ। पहिलोचोटि रारा ताल घुम्न जाने पर्यटकहरूले रारालाई देख्दा यस्तै अनुभव गर्छन्।

मुगुको सदरमुकाम गमगढीदेखि पश्चिमपट्टि रहेको रारा तालको लम्बाइ ५ किलोमिटर र चौडाइ ३ दशमलव २ किलोमिटर छ। राराको गहिराइ १६७ मिटर छ। रारामा बोटमा घुम्दाको मज्जा छुट्टै हुन्छ। चंखेली हिमाललाई पृष्ठभूमिमा राखेर तस्बिर खिच्नुको आनन्द नै बेग्लै।

पहिले रारा विशेषगरी सडक पूर्वाधारको अभावका कारण खासै चर्चामा आउन सकेको थिएन। रारा ताल स्वच्छ पानीमा नीलो आकाशको छायाका कारण गाढा नीलो देखिन्छ। तालको वरिपरि घुम्नका लागि ट्रेकिङ रुट छ। सफा पानीमा स्नो ट्राउट माछा तथा हाँस, जलेवा जस्ता चराहरू डुबुल्की मारेको दृश्यले राराको वातावरण नै भिन्न देखिन्छ।

दिनभर आफ्नो रूप फेरिरहने राराताल जेठदेखि असोज महिनासम्म विभिन्न फूलहरूले सजिएर स्वर्गकी अप्सरा जस्तै देखिन्छ। रारा तालको अर्को विशेषता के छ भने, यस तालमा विश्वमा अन्यत्र कहीँ पनि नपाइने असला जातको हिमाली माछा पाइन्छ।

रारालाई प्रकृतिको अनुपम उपहार, स्वर्गको टुक्रा, कर्णालीकी रानी, देशकै वैभव जस्ता शब्दले राराको सौन्दर्यलाई उपमा भन्ने गरेको पाइन्छ। रारा तालको दक्षिणतर्फ चुचेमारा टाकुरा, उत्तरतर्फ रुम काँध र मालिका काँध, उत्तर-पश्चिममा मुर्माटप डाँडा जस्ता चुचुरा पर्छन्।

रारा तालबाट करिब ३ घण्टाको पैदल यात्रामा मुर्माटपमा पुग्न सकिन्छ। रारा जाँदा मुर्माटपमा पुगेन भने राराको सुन्दरता अवलोकन गर्न सकिन्नँ। मुर्माटपबाट रारा तालको मनमोहक दृश्यका साथै सैपाल हिमशृंखलाको मनोरम दृश्य अवलोकन गर्नसमेत सकिन्छ।

अर्कातर्फ रारा तालमा सिस्ने हिमाल र काञ्जिरोवा हिमालको मनोरम दृश्य देखिन्छ। रारा क्षेत्रमा पुगेपछि पाइने प्राकृतिक आनन्द, चिसो हावा, वरिपरि जंगलले घेरिएको रारा साँच्चै मनमोहक छ। नजिकबाट हेर्दा पोखरी, अलि परबाट हेर्दा ताल र अलि माथि डाँडाबाट हेर्दा रारा कुण्ड अर्थात् कचौराको आकारमा देखिन्छ।

रारा नजिकै मचानमा बसेर राराको पानीलाई एकनासले नियाल्ने हो भने मचान आफैं चलायमान भएको जस्तो अनुभूति दिलाउँछ। रारामा नै एकोहोरो हेरिरहने हो भने पानीको बहावका कारण आफैं डुंगामा बसेर यात्रा गरेको जस्तै अनुभूति हुन्छ।

रारा पुगेपछि सुरुमा पर्यटकहरू मोबाइल तथा क्यामेरा बन्द नै गर्दैनन्। जति फोटो लिए पनि पर्यटकहरू थाक्दैनन्। यात्राको थकान बिर्सिएर रारासँग रमाउँदा रारा साँच्चै धर्तीकै स्वर्ग मानिन्छ। हिमालय क्षेत्रमा रहेका तालमध्ये सबैभन्दा सुन्दर रारा ताल मानिन्छ। सौन्दर्यका हिसाबले रारामा विविधता देखिन्छ।

रारा तालको पानीको निकास निजार खोला हुँदै मुगु कर्णालीमा मिसिन्छ। रारामा विभिन्न पर्यटकीय विशेषता छन्। बिहान सूर्य उदाउँदा ऐनाझैं टलटल टल्किनु, मध्यान्हमा मन्द मुस्कानसँगै हावामा कावा खेल्नु, आकाशमा बादल लाग्दा रूप परिवर्तन हुनु राराको विशेषता हो। अनुपम प्राकृतिक सौन्दर्यको खानी रारा पुगेर मन्त्रमुग्ध नहुने पर्यटकहरू कोही हुँदैनन्।

यति बेला अर्थात् वैशाख-जेठमा रारा ताल अवलोकन गर्न जाने पर्यटकहरूको भीड नै हुने गरेको छ। रारा ताल बाहिरबाट हेर्दा जत्रो देखिन्छ, त्योभन्दा धेरै ठूलो आकारमा जमिनमुनि फैलिएको अनुमान छ।

रारालाई प्रायः सबै पर्यटकले स्विट्जरल्यान्डको सुन्दरतासँग दाँज्ने प्रचलन रहेछ। आजभन्दा ५५ वर्ष अगाडिसम्म रारा तालमा पर्यटकहरू अहिलेको जसरी पुग्ने थिएनन्। त्यस बेला रारा ताल वरपर रारा थाप्रु गाउँ थियो। २० चैत २०२० मा तत्कालिन राजा महेन्द्र रारा पुगेका थिए। घोडा चढेर विकट मुगुको रारा पुग्नु पछाडि महेन्द्रको खास उद्देश्य थियो- रारा वरपरको जंगलमा बँदेलको सिकार गर्नु।



तर, जब रारा तालको किनारमा महेन्द्रले घोडा रोके, घोडाबाट झरेर धुपीको रूखमुनि सुस्ताए र राराको नीलो पानीमा एक टक हेरिरहे, तब उल्टै राराले सिकार खेल्यो महेन्द्रको मनमा।

महेन्द्रले राराको नाममा कविता कोरे, आँफ्नै नामलाई पनि घोलिदिए राराको कन्चन जलमा। महेन्द्रको बँदेल सिकार गर्ने योजना पूर्ण रूपमा असफल भयो। राजा महेन्द्र राराबाट धेरै कुरा लिएर फर्किए।

> *मौसमअनुसार दिनमै ४-५ चोटि फेरिने राराको पानीको रङमा मिसिन आइपुग्छ सिन्जे र काञ्जिरोवा हिमालको छाया। यसले रारा साँच्चिकै धर्तीको स्वर्गको अप्सरा जस्तै देखिन्छ। पहिलोचोटि रारा ताल घुम्न जाने पर्यटकहरूले रारालाई देख्दा यस्तै अनुभव गर्छन्...*

२०३४/०३५ सालमा यस क्षेत्रमा रारा तालको छेउमा १६५ घर भएका रारा गाउँ र छाप्रु गाउँ थिए। तिनीहरूलाई बाँके र बर्दियामा जग्गा प्रदान गरेर स्थानान्तरण गरिएको थियो। रारा ताल छेउका बासिन्दालाई अन्यत्र स्थानान्तरण गर्नुको उद्देश्य ताल फोहोर नहोस् र अतिक्रमणको चपेटामा नपरोस् भन्ने थियो।

ती बासिन्दाले खेती लगाउने घरबारी अहिले जंगलमा परिणत भएको छ। त्यसपछि रारालाई पर्यटकीय स्थलको रूपमा विकास गर्न रारा राष्ट्रिय निकुञ्ज घोषणा भयो। रारा राष्ट्रिय निकुञ्जले मुगु जिल्लामा रारा ताल र वरिपरिको क्षेत्र ओगटेको छ। रारा निकुञ्ज २०३३ सालमा स्थापना गरिएको हो।

हिउँदमा तालको किनारा हिउँले सेताम्मे देखिन्छ भने साउनदेखि असोजसम्म विभिन्न जातका रंगीचंगी लेकाली फूल र वनस्पतिले बुट्टेदार गलैंचा बिछ्याएजस्तो देख्न पाइन्छ। चैतको अन्तिम सातादेखि जेठको मध्यसम्म लालीगुराँस तथा चिमालोका रातो र सेतो फूलले रारा पुग्ने पर्यटकहरूलाई नौलो अनुभूति हुन्छ।

ताल किनाराको जंगलमा कालिज, डाँफे, ढुकुरलगायतका थुप्रै लेकाली चरा एवं पानीहाँसले थपेको राराको सुन्दरतामा पर्यटकहरू लोभिन्छन्। राराको जंगलमा पाइने वन्यजन्तुहरूमा कस्तुरी मृग, रतुवा, झारल, बँदेल, मलसाप्रोदेखि रेडपाण्डासमेत पर्छन्।

धेरै पर्यटकहरू रारा पुगेपछि फर्कने गर्छन् तर समय मिलाउन सके मुगुमा घुम्ने ठाउँहरू धेरै छन्। त्यसका लागि प्याकेज कार्यक्रम मिलाउन सके राम्रो हुन्छ। मुगुमा भौगोलिक विविधतासँग धार्मिक, सांस्कृतिक तथा वेशभूषामा पनि विविधता पाइन्छ। मुगुको सांस्कृतिक विविधता पनि पर्यटकहरूलाई अचम्म लाग्न सक्छ।

रारा तालसँगै हिमालको सुन्दर दृश्यका लागि मुगुको चंखेली हिमालको टुप्पो महत्त्वपूर्ण छ। यहाँबाट रारा तालसँगै विभिन्न हिमाल देख्न सकिन्छ। मुगुको चंखेली हिमालको टुप्पोमा पुगियो भने रारा ताल मात्र होइन, नेपालकै २ वटा ठूला धार्मिक धाममा पर्ने मुगुको छायानाथ धामसहित सैपाल हिमाल र काञ्जिरोवा हिमालको अवलोकन गर्न सकिन्छ, अन्य सुन्दरता त कत्तिकत्ति !

सदरमुकाम गमगढीबाट झण्डै १ दिन हिँडियो भने चंखेली हिमालको फेदमा पुगिन्छ। फेदबाट हुम्ला र मुगुका विभिन्न क्षेत्रको अवलोकन गर्न सकिन्छ। नेपाली १ रुपैयाँको नोटमा अंकित चंखेली हिमाल समुद्री सतहबाट झण्डै ४ हजार २०० मिटरको उचाइमा पर्छ। मनोरम दृश्य अवलोकन गर्न पाइने यो हिमालको सबैभन्दा माथि पुगेपछि रारा ताल, पवित्र धार्मिक स्थल छायानाथ, सैपाल हिमाल, काञ्जिरोवा हिमाल आँखै अगाडि देख्न पाइन्छ।

अर्कातर्फ, मुगु सदरमुकाम गमगढी, ताल्चा विमानस्थल, मुगुको सोरु भेगका झण्डै १० वटा बस्ती तथा खत्याड भेगमाथिका लेकसहित हिमाली टाकुरासँगै करान र गम भेगमा पर्ने विभिन्न लेकहरूसहित रोवाको माथिका विभिन्न हिमाली चुचुराहरू पनि अवलोकन गर्न सकिन्छ। चंखेली हिमाल चढ्न हिँउ परेको समयमा बाहेक अन्य समयमा खासै समस्या हुँदैन।

छायानाथ धाम मुगुको पूर्वी क्षेत्र डोल्फुमा पर्छ। मुगुको सदरमुकाम गमगढीदेखि ३ दिनको पैदल यात्रामा पुगिने छायानाथ धाम समुद्री सतहदेखि ५ हजार मिटरको उचाइमा पर्छ। केदारनाथ, बद्रीनाथ, पशुपतिनाथ भन्दा छायानाथलाई जेठो धामका रूपमा मानिन्छ भने छायानाथको अर्को स्वरूप मानसरोवर पनि हो।

छायानाथबाट रारा ताल अवलोकन गर्न सकिन्छ भने काञ्जिरोवालगायतका हिमालहरूको समेत दृश्यावलोकन गर्न सकिन्छ। महादेवले सतीदेवीको शव बोकेर राराको बाटो हुँदै छायानाथ गएकाले छायानाथ धाम र हिमालको प्रतिबिम्ब रारामा पर्न गएको भन्ने विश्वास गरिन्छ। छायानाथ धाम बौद्ध र हिन्दु धर्मालम्बीको आस्थाको केन्द्र हो।

हरेक १२ वर्षमा बाँदर वर्षका रूपमा बौद्ध धर्मावलम्बीले छायानाथको जन्म वर्ष मनाउने गर्छन्। त्यो बेला परम्परागत पहिरन लगाएर बूढापाकादेखि बालबच्चा सबै छायानाथ पुग्ने गर्छन्।

हिन्दु धर्मावलम्बीले जनै पूर्णिमाका बेला नै छायानाथमा पुगेर महादेवको पूजा पाठ गर्ने गर्छन्। मुगु पुगेपछि पुग्नै पर्ने अर्को प्रसिद्ध तीर्थस्थल ऋणमोक्ष पनि हो। समुद्री सतहदेखि ४ हजार ३०० मिटरको उचाइमा पर्ने ऋणमोक्षमा पनि जनै पूर्णिमाको तीर्थाटनका पर्यटकहरू पुग्ने गर्छन्। ऋणमोक्षमा धर्मकुण्ड, अन्नपूर्णेश्वरी, गौकुण्ड, रक्तकुण्ड र तारा दह नामका ५ वटा कुण्ड छन्। अर्कातर्फ, थार्प मस्टो कर्णाली प्रदेशका सबै जिल्लामा कुल देवताको रूपमा पूजा गर्ने प्रचलन छ। कर्णाली प्रदेशका सबैभन्दा जेठो भाइ थार्प मस्टो मानिन्छ।

मुगुको तिब्बतसँगको नाकाको नाम नाक्चेलाग्ना हो। यस नाकाबाट नुन, ऊन र अन्य अत्यावश्यक वस्तुहरू पैठारी हुन्छन् भन्ने मुगुको स्थानीय उत्पादन निकासीसमेत हुने गरेको छ। नाक्चेलाग्ना नाका प्रत्येक वर्ष १५ साउनदेखि २० दिनसम्मका लागि खुल्ने गर्छ। विशेष गरेर मुगुको पूर्वी भेगका स्थानीयवासीहरू हाट बजारमा घोडा, चौंरी, याक, झोपा लिएर तिब्बती बजारमा सामान लिन जाने गर्छन्।

**कसरी पुग्ने ?**

कर्णाली राजमार्गको कालीकोट-जुम्ला सडकखण्डको नाग्माबाट मुगुको गमगढीसम्मको मोटरमार्ग ९३ किलोमिटर पर्छ। मोटर मार्ग ताल्चा विमानस्थल हुँदै मुगुको सदरमुकाम गमगढीसम्म पुग्छ। रारा जाने पर्यटकहरूले ताल्चा विमानस्थलमा ओर्लेर रारासम्म पैदल यात्रा गर्नुपर्छ। तर, निजी साधन हुनेहरू भने मोटरबाटै रारा पुग्न सकिन्छ। अथवा, सुर्खेतबाट करिब आधा घण्टाको हवाई यात्रामा मुगुको ताल्चा विमानस्थल जान पनि सकिन्छ।

## मत्स्यगन्धा सुगन्धा



■ रामकृष्ण ढकाल

हो, उनी साँच्चिकै सुसज्जित अनि सुगन्धित छन्।

वासन्ती कालमा रचना जालमा परेर यो युगमा, भरेर शृंगार खुलाई मुहार पथोत्सुक कर्ममा ।भई सत्यको रसमा रमाई जसमा पारासरी व्यासिनी, आइन् नृत्य भरदै हुन् मेरी संगिनी। आएको थियो यिनको नाम पहिले नै कानमा, जसरी आयो तिनको सुवास राजालाई वनमा।

मेरो बाल्यवयका अनि हजारौं महान आत्माहरूका महान श्रद्धेय गुरुवर, चितवनका साहित्यिक पाराशर मूर्धन्य स्रष्टा केशवराज आमोदीको लेखनी नवीनतम अनि सीमन्तोन्वित कृति 'मत्स्यगन्धा' आज हस्तगत भयो। छोडेर अन्य टण्टा हेरं केही घण्टा अनि भयो श्री गणेश यो चिरफार धन्दा। वैवस्वत मन्वन्तरको अठ्ठाइसौं कलीयुगका कृष्ण द्वैपायन व्यास महाभारत युद्धभन्दा केही पुस्ताअघि नेपालको तनहुँ जिल्लामा महर्षि वशिष्ठका नाति महर्षि पराशर तथा निषाद धीवरकी संयोगी सुपुत्री मत्स्यगन्धा/सत्यवतीका साझा प्रकाशनका रूपमा भएको थियो। उनै व्यासकृत महाभारत महाकाव्यमा २ कुमारिज वीरहरूमध्ये एक दानवीर कर्ण हुन् भने अर्का यिनै कलमवीर व्यास।

आमोदीकृत महाकाव्य 'मत्स्यगन्धा' तिनै व्यासकी जननी मत्स्यिज कन्या सत्यावतीको महोपाख्यान हो। हालको नेपालको तनहुँ जिल्लाको त्यो बेलाको स्वच्छ वातावरण, जसमा अलिकति तुवाँलो उत्पन्न गर्न पनि पराशर ऋषिको तपोबल चाहिएको थियो, त्यसको जीवन्त तस्बिरयुक्त अग्रावरण, महाकाव्य र त्यसका सर्जकको तस्बिरसँगै सर्जकीय संक्षिप्त वृत्तान्त सुसज्जित पश्चावरण महाकाव्यको बाह्य आद्यान्त हुन्।

प्रथम सर्गात् सप्तदश सर्गपर्यन्त चतुरोत्तर द्विशत पृष्ठसहित द्वादश पृष्ठपूर्ण शुभकामना लेखमालाश्च अस्मिन् पुस्तके विद्यते। त्यसमाथि विद्वत्वर प्रा. डा. नारायणप्रसाद खनालको रौंचिरा विश्लेषण यो ग्रन्थका दिव्याभूषण हुन्। मेरा लागि त प्रा. डा. नारायणप्रसाद खनालको त्यो विश्लेषण नै अर्को एउटा ज्ञान सागर हो।

महाभारत पर्वत पश्चिममा हालको अफगानिस्तानदेखि पूर्वमा करिब थाई भूमिसम्म वर्तमान मापन पद्धतिअनुसार करिब २ हजार किलोमिटर लामो छ। यसको अधिकांश भाग नेपालमै पर्छ। यही महाभारत पर्वतभित्रको एउटा देवघाट स्पर्शित पुण्यभूमि तनहुँ पर्छ। विश्वभरका हिन्दुहरूका लिखित धार्मिक मूल ग्रन्थावलीका महान् जनक व्यास अनि हाम्रा श्रद्धेय गुरुवर आमोदी यही जिल्लाका आत्मज हुन्।

महाभारतको १८ दिने महासमर, जसमा १ शताब्दीअघिका २ महासमरमा भन्दा बढी जनसंहार भएको थियो। त्यही महासमरले महान ग्रन्थ गीता पनि जन्मायो। हो, त्यही महासमरका बीज व्यक्ति हुन्- मत्स्योदरी सत्यवती। तिनै सत्यवती, जसको जन्म माछाको पेटबाट भएर माझी (धीवर)को कन्याका रूपमा पालिएकी थिइन्।

त्यस क्रममा उपरिचर बसु, स्वर्गकी शापिता अप्सरा अद्रिकालगायतका दर्जनौं




संयोगहरू परेका छन्। माछीको पेटबाट जन्मेकी हुँदा उनको शरीरबाट माछाको जस्तो गन्ध आउँथ्यो। त्यसैले, उनको न्वारन 'मत्स्यगन्धा' भनेर भयो।

धीवरगृहमा अनेक सुसंस्कारले सुसज्जित हुँदै मत्स्यगन्धा हुर्किइन्। बाबुसँगै डुंगा चलाउन पनि सिकिन्। हजारौं यात्रु तारिन्। तिनका कुरा सुनिन्। अनेक ज्ञान लिइन्। तरुनी भएपछि १ दिन यस्तो असमञ्जसको आयो, जसले लट्टा दाह्री पालेका ज्ञानी र शक्तिवान् ऋषि पराशरलाई केही बेरका लागि ज्यान सुम्पिन बाध्य गरायो र कालजयी महाविद्वान् पुत्र कृष्ण द्वैपायनकी माता बनायो अनि यो धर्तीमा हजारौं वर्षसम्म नाम र जीवनी अमर बनायो।

जन्मनासाथ व्यास तपस्या गर्न गए। ऋषिलाई पुऱ्याएको अतिरिक्त सेवाले उनको जीउको गन्ध हरायो। फूलको जस्तो मगमग सुगन्ध चार कोस परसम्म फैलिने भयो। पछि त्यही सुगन्धले सिकार खेल्दै गरेका पराक्रमी राजा शन्तनुलाई तान्यो र अनेक घटनाक्रमसँगै सुगन्धा बनेकी माझीकी छोरी हस्तिनापुरकी रानी भइन्।

यहाँ गंगा, देवव्रतदेखि लिएर अनेक व्यक्तिहरू, अनेक प्रसंगहरू सुन्दर परिधानका कलात्मक बुट्टाझैं आउँछन्। सुखका र दुःखका सर्वोच्च अवस्थाका कहानीहरू छन्। जीवन र मृत्युका हृदयस्पर्शी वर्णनहरू छन्।

आमोदी गुरुको लेखन कलाको श्लाघा मेरो ज्ञानले भ्याउँदैन। यो डेढ सय आसपासका छन्दहरू, सुललित शब्दालंकारावली, रस, लय आदिले भरिपूर्ण यति छ कि मानौं, यी शब्दहरू मधुमखी हुन् अनि त्यसको मह महाकाव्यको मिठास।

विभिन्न शीर्षक, उपशीर्षक सर्गका पूर्वोत्तर भागहरूसहित मधुसरिता बनेको यो महाकाव्य अवर्णनीय छ।

आफ्नै देशको पुरातन इतिहास बनेको हैमप्रभाखण्डको लाखौं महान कहानीहरूका बारेमा सुन्न पनि नचाहने विदेशान्धहरूको बहुमत रहेको समाजमा यस्तो गहन ग्रन्थ एक प्रेरणा, एक व्यंग्य, एक मार्गनिर्देशन पनि हो अनि के केन विद्वान् साहित्यिक हुँ भन्ने र निर्लज्ज पाराले कुनै डाडु-पन्युँ लिएर ठीककार्यवादको खोलभित्र धिक्कार्यवादको अभ्यासमा सपना, बिपना, जपना, तर्कनामा लाग्नेहरूका मथिंगलमा यो एक चेतन बज्र पनि हो।

कैयौं पक्षमा रौंचिरा विश्लेषण गुरु नारायणप्रसाद खनालले गरिसक्नुभएकाले र मेरो ज्ञान बौद्धिक हिसाब भन्दा पनि अत्यधिक अल्पज्ञताका कारणले मैले सतही समीक्षा मात्र गरिटोपल्ने धृष्टता गरें। समग्रमा केशवराज आमोदी गुरुको लेखनिज 'मत्स्यगन्धा' महाकाव्य कृति यसका पाठकहरूलाई सहृदयतापूर्वक तनहुँको मादी नदी होइन, स्वर्गीय कल्पनाको मधुबाहिनी गंगामा सुमधुर स्नान गराउन पूर्ण समर्थ छ।

हुनत यही विषयवस्तुमा आधारित भएर स्वर्गीय साहित्यकार विनोदप्रसाद धितालले 'योजनगन्धा' नामक उपन्यास लेखेका छन्, जुन एकदम पठनीय कृति हो। समान विषय भए पनि 'मत्स्यगन्धा' र 'योजनगन्धा' विल्कुलै नौला प्रतीत हुन्छन्।

अन्त्यमा, मेरा आदरणीय गुरु तथा चितवनका वेदव्यास आमोदीका यस्तै सत्कृतिहरू, सत्प्रेरणाहरू, सत्मार्ग निर्देशनहरू मलगायत समग्र नेपाली समाज र साहित्यले सुदीर्घकालसम्म पाइरहोस्। यस शुभघडीमा हार्दिक शुभेच्छा प्रकटसहित गुरु साक्षात् परब्रह्म तस्मै श्री गुरवे नमः भन्दै विश्राम लिन्छु।

## गजल



रश्मि असफल

गर्नुपर्दा सफर अँध्यारोमा
पर्नु कसको म भर अँध्यारोमा ?

दूर भाग्ने प्रयास गरेकै हो
हुन्छ पापी नजर अँध्यारोमा

आज निम्तो विशेष तिम्रै छ
पुग्छ पक्कै खबर अँध्यारोमा


आउने छौ तिमी भनेरै हो
चम्किएको शहर अँध्यारोमा

साथ तिम्रो मिले सधैं यस्तै
हुन्छु पक्कै निडर अँध्यारोमा

दम्भ गर्छन् सबै उज्यालोमा
चन्द्रमा भो अमर अँध्यारोमा

देख्छु आभा मुहारमा मीठो
'रश्मि'कै हो असर अँध्यारोमा।

## मुक्तक



लक्ष्मी ढकाल

१
आफ्नै मित्र वैरी बन्छन् धन दिँदा विचार गर्नू
विश्वासको हत्या हुन्छ वचन दिँदा विचार गर्नू
तारिफ गर्दै आउनेहरू खिल्ली उडाएर जान्छन्
सोचेर पाइलाहरू चाल्नू मन दिँदा विचार गर्नू।

२
सोचेर नजानू नौलो ठाउँमा पहिचान हुन सक्छ
निम्तोबिना कहिल्यै नजानू अपमान हुन सक्छ
हरपल छेपारोझैं ठाउँअनुसार रङ फेर्ने दुनियाँमा
सोझो मान्छेमाथि तिरस्कारको दोकान हुन सक्छ।

३
नजोडिने रहेछ यो मन फेरि टुक्रिएपछि, भाँचिएपछि
मिल्दैन टिप्न अरूथोकझैं मुखको बोली पोखिएपछि
इज्जतसाथ राखेका मान्छे के पुग्दैन, उठ्छन्, जान्छन्
पहिलेको स्थान नमिल्न सक्छ विचार गर्नू फर्किएपछि।

४
बञ्जर भयो मन आज मनपर्दैन यो मधुमास पनि
भीडमा त एक्लै हुन्छु, कोही छन् हुन्न आभास पनि
उज्यालोमा साथ छन् भन्यो, भ्रममा पऱ्यो, मेरा भन्यो
अँध्यारोमा आखिर एक्लै टोलाउँछ खुल्ला आकाश पनि।

## कविता



जुनू घिमिरे

### श्रम र संकल्प

पोखेर श्रम खाएको खाना अमृत समान
विषझैं हुन्छ लुटेको धन नपरोस् त्यो खान
लोभी छ मन, पापी छ धन दुस्मन त्यही हो
विद्वान पनि बिग्रन्छन् कति कुबाटो यही हो।

पसिना पोखे पाइन्छ खान चाहिने मानो हो
ओतका लागि झुपडी काफी चाहिने छानो हो
अरूको श्रम लुटेर खाने कुमती नजागोस्
मरेर जाँदा द्रोहीको संज्ञा ममाथि नलागोस्।

सबैले छिः छिः, दुर्दुर गर्ने जीवन के गर्नु ?
भ्रष्टको नीति अपनाउन अगाडि के सर्नु ?
इमान बेची पाएको मान खै कहाँ बोक्ने हो ?
खोसेको लुगा लगाई लाज कसरी छोप्ने हो ?

बेचेर श्रम किनेको खुसी ठाँटिलो आफैंमा
मरेर जाँदा लैजान मिल्ने इमान साथैमा
इज्जत फ्याँकी चौरासी व्यञ्जन खाएको के अर्थ ?
भएर मान्छे दुष्कर्मी हुनु जीवन हो व्यर्थ।

सानै होस् काम, सानै होस् दाम श्रमले भित्रिओस्
हरेक घुट्को पानीमा पनि पसिना मिसिओस्
श्रमको मूल्य सबैले पाओस्, को सानो, को ठूलो ?
सल्कियोस् सबै घरमा खुसी बालेर त्यो चुह्लो।

# बर्दियामा पठनपाठनसँगै विद्यार्थी भर्ना अभियान तीव्र




**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, २६ वैशाख

बर्दियामा पठनपाठन सँगसँगै विद्यार्थी भर्ना अभियान पनि अघि बढेको छ ।

शिक्षकहरूको शैक्षिक हड्तालसँगै सडक आन्दोलनका कारण भर्ना अभियान सुरू हुन नसकेका बर्दियाका विद्यालयहरूले अहिले पढाइ र भर्ना अभियान सँगसँगै अघि बढाएका छन् ।

'सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता' भन्ने आदर्श वाक्यसहित प्लान इन्टरनेशनल नेपाल र भेरी वातावरणीय विशेषता समूह (बि-ग्रुप)को साझेदारी तथा शिक्षा विकास तथा समन्वय इकाई बर्दियाको समन्वय र ठाकुरबाबा, बारबर्दिया, मधुवन नगरपालिका र गेरुवा गाउँपालिकाको सहकार्यमा बालविवाह न्यूनीकरण परियोजना अन्तर्गत विद्यालय भर्ना अभियानलाई तीव्रता दिइएको छ ।

कुनै पनि बालबालिका विद्यालय बाहिर नरहुन, सबै विद्यालय जाने उमेरका बालबालिकालाई आफ्नो वरिपरिका पायक पने विद्यालयमा अनिवार्य रुपमा भर्ना गर्ने उद्देश्यले अभियानलाई पालिकाको सहकार्यमा भर्ना अभियानलाई तीव्रता दिइएको बि-ग्रुपका प्राविधिक संयोजक लक्ष्मी प्रसाद शर्माले बताए । 'शैक्षिक क्यालेण्डर अनुसार अहिले भर्ना अभियान सकिएर पठन पाठनको समय हो । शिक्षक आन्दोलनमै भर्ना अभियानको अवधि सकियो । अहिले भर्ना अभियान र पठनपाठन संगै अघि बढाएका छौं' गेरुवा गाउँपालिका जनता माध्यमिक विद्यालय गोलाका प्रधानाध्यापक सुन्दर लाल चौधरीले भने,'विद्यालयको पठनपाठन समय भन्दा वाहेक बिहान बेलुका भर्ना अभियान सञ्चालन गरेका छौं ।'

विद्यालयको पहुँच बाहिर रहेका बालबालिका पत्ता लगाई घरदैलो गरेर विद्यालय ल्याउने वातावारण तयार गर्न गरिएको घरदैलो अभियान वैशाख महिना भरी सञ्चालन गरिने गेरुवा गाउँपालिका शिक्षा शाखा प्रमुख नवराज अधिकारीले बताए । सरकारले वैशाख २ गतेदेखि १५ गतेसम्म विद्यार्थी भर्ना अभियान सञ्चालन गरेको थियो । तर, सो ही समयमा शिक्षकहरूले शैक्षिक हड्तालसँगै सडक आन्दोलन गरेपछि विद्यार्थी भर्ना अभियान प्रभावित बनेको थियो ।

# सन्धिखर्क– २ का किशोरीलाई आत्मरक्षा तालिम



**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, २६ वैशाख

सन्धिखर्क नगरपालिका २ मा महिला हिंसा न्यूनीकरण गने उद्देश्यले ६० जना किशोरीलाई आत्मरक्षा सम्बन्धी तालिम प्रदान गरिएको छ ।

महिलामाथि हुने बलात्कार, जबरजस्ती करणी, कुटपिट जस्ता घटना मौलाउँदै गएका बेला सन्धिखर्क नगरपालिका २ को आयोजनामा किशोरीलाई दुई दिने आत्मरक्षा तालिम दिइएको वडाध्यक्ष मोतिजंग रायमाझीले जानकारी दिए ।

बिहीबारदेखि संचालन गरिएको तालिम शुक्रबार सकिएको छ । महिला तथा किशोरीमाथि अझै पनि हाम्रो समाजमा धेरै घटना हुने गरेकाले त्यसको अन्त्यका लागि यो तालिमले धेरै कुरा सिकाएको वडाध्यक्ष रायमाझीले बताए ।

आत्मरक्षा तालिममा वडाभित्रका १४ वर्षदेखि माथि १९ वर्ष मुनिका ६० जना किशोरीको सहभागिता रहेको वडा सचिव बिष्णु प्रसाद आचार्यले बताए । उनका अनुसार किशोरीको सुरक्षा र आत्मरक्षा सीप विकासका लागि वडाले वडाभित्रका किशोरीलाई आत्मरक्षा तालिम प्रदान गरेको हो ।

महिला हिंसा हुनुको कारण, कानुनी उपचार र घटना भइहाले कसरी न्यायका लागि लड्न सकिन्छ भन्ने विषयमा बालिका तथा किशोरीलाई शारीरिक तथा मनो वैज्ञानिक परामर्श प्रदान गरिएको तालिमको सहजीकरण गरेका प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले बताए । तालिममा सहभागी किशोरीमध्ये सन्धिखर्क २ की कमला नेपाली अप्ठ्यारो परेका बेला आफ्नो सुरक्षा आफैं कसरी गर्ने भनेर सिकेको बताइन् ।

तालिममा सहभागीले आफ्नो गाउँबस्तीमा रहेका विद्यालयमा अध्ययनरत सबै किशोरीलाई प्रशिक्षण दिनेछन् ।


## माईग्रेशन सर्टिफिकेट हराएको सूचना

मिति २०८१/११/१४ गते चावहिल देखी बानेश्वरसम्म जाने क्रममा मेरो निम्न विवरण भएको १०+२ को माईग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावहरुले निम्न सम्पर्क नम्बर वा नजिकैको प्रहरी कार्यालयमा बुझाइदिनुहुन अनुरोध गर्दछु ।

**नामः सम्राट राजभण्डारी**
**सिम्बोल नंः ३२७०६७३२**
**रजिष्ट्रेशन नंः ६६२७९९१६१**
**सम्पर्क नं : ९८१३९२१०४४**

## मोटरसाईकल हराएको सूचना

मिति २०८२/०१/२५ गते अन्दाजी राती ००:५५ बजेको समयमा का.म.न.पा.-३१ प्रयागमार्गस्थित घर बाहिर सडकमा पार्किङ गरी राखेको बा.प्र. ०२–०५१ प ९२०८ नम्बरको सिल्भर मेटालिक रङको KTM DUKE 200cc मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहोला ।
**सवारी धनी** : हुलास अटो प्रा.लि.
**सवारी ऋणी** : किरण अधिकारी
**च्यासिस नं.**: MD2TPCX3RN005463
**इन्जीन नं.**: R.936.25130
**सम्पर्क** : ९८१५२९४८५८


## दावी विरोध सम्बन्धी
## वैदेशिक रोजगार विभाग, काठमाडौंको
## सूचना

**प्रकाशित मितिः– २०८२/०१/२७**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था श्री SOLO ASIA RECRUITMENT PVT. LTD. (SNHR MANPOWER PVT. LTD.) (ई.प.नं. १४२७/०७४/७५) ले यस विभाग समक्ष कम्पनीको साबिक नाम "**सोलो एशिया रिक्रुटमेन्ट प्रा.लि.** (SOLO ASIA RECRUITMENT PVT. LTD.)" बाट परिवर्तन गरि नयाँ नाम "**उडान रिक्रुटमेन्ट सर्भिस प्रा.लि.** (**UDAAN RECRUITMENT SERVICE PVT. LTD.**)" कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको नाम परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस बैदेशिक रोजगार विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


## अधिकतम खुद्रा बिक्री मुल्य (MRP) प्रकाशन गरिएको सुचना

यस फर्म/कम्पनीले (जापान, ताईवान र थाईलैण्ड) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मुल्य MRP निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| S.NO. | BRAND | MODEL | CAPICITY | P. M.COUNTRY | QTY | RATE PER PICES | MRP |
|---|---|---|---|---|---|---|---|
| 1 | Canon | EOS 3000D 18-55DC | 18.0MP | TAIWAN | PCS | NPR | 49,990 |
| 2 | Canon | PS G-7X II | 20.1MP | JAPAN | PCS | NPR | 114,990 |
| 3 | Canon | EOS-R50 Kit 18-45 | 24.2MP | TAIWAN | PCS | NPR | 112,990 |
| 4 | Canon | EOS R10 KIT 18-150 | 24.2MP | JAPAN | PCS | NPR | 184,990 |
| 5 | Canon | EOS-R100 Kit 18-45 | 24.1MP | TAIWAN | PCS | NPR | 81,990 |
| 6 | Canon | EOS-R10 Kit 18-45 | 24.2MP | JAPAN | PCS | NPR | 142,990 |
| 7 | Canon | EOS-R50 Kit 18-45 /55-210 | 24.2MP | TAIWAN | PCS | NPR | 154,990 |
| 8 | Canon | G-7X III | 20.1MP | JAPAN | PCS | NPR | 154,990 |
| 9 | Canon | IXUS-285HS | 20.2MP | JAPAN | PCS | NPR | 46,990 |
| 10 | Canon | SX-740HS | 20.3MP | JAPAN | PCS | NPR | 81,490 |
| 11 | Canon | EOS-R8 Kit 24-50 | 24.2MP | JAPAN | PCS | NPR | 204,990 |
| 12 | Canon | EOS-R7 Kit 18-150 | 32.5MP | JAPAN | PCS | NPR | 289,990 |
| 13 | Canon | EOS-R6II BODY | 24.2 MP | JAPAN | PCS | NPR | 299,990 |
| 14 | Nikon | Z6III Body | 24.5MP | THAILAND | PCS | NPR | 331,990 |
| 15 | Nikon | Z F Body+L-Grip | 24.5 MP | THAILAND | PCS | NPR | 299,990 |
| 16 | Nikon | Z-5 Body+Z 40/2 | 24.7MP | THAILAND | PCS | NPR | 159,990 |
| 17 | Nikon | D850 Body | 45.7MP | THAILAND | PCS | NPR | 334,990 |

SELLER : PRIMAX INTERNATIONAL INC — PAN NO. 300047253
ADDRESS: NEW ROAD, KATHMANDU — PH: 014248407

## Malaysia मा रोजगार — Virgin Security Force Sdn. Bhd

पूर्व स्वीकृती मितिः २०८२/०१/२६ चलानी नं. ६०२३७५२२ LTNo. : 323502

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 24 | 0 | [illegible] | 1700 | ५४,८००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ जेष्ठ ३ गते (17 May, 2025) यस प्रा. लि. को कार्यालय जावलाखेल, ललितपुरमा हुनेछ ।

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
श्रम ईजाजत नं.: ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@luckyhrsolution.com

## साउदीमा रोजगार

कम्पनी : AHED MAKKAH MARKETING COMPANY — शहरः RIYADH
पुर्व स्वीकृत मितिः २०८१/१०/२० चलानी नं.: ६०२३२२३१ L.T. No.:318044 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloding Worker | 20 | 0 | स. काममा दक्ष | 1100 | ४०,१२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : EYAD MOHAMMED ALGHAMDI CONTRACTING COMPANY — शहरः RIYADH
पुर्व स्वीकृत मितिः २०८१/१०/२० चलानी नं.: ६०२३२२३२ L.T. No.:318043 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Trailer Driver | 3 | 0 | स. काममा दक्ष | 1500 | ५४,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ ३ गते (17 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**K L Employment Service (P) Ltd.**
श्रम इजाजत नं.: ७०१/०६३/०६४
शम्भु मार्ग, एयरपोर्ट, काठमाडौं, फोन : ४५६४११३, ४५९३१८०,
Email: info@klemployment.com.np | Web: www.klemployment.com.np

## साउदीमा रोजगार

कम्पनी : RAWABET AL ALAM INTERNATIONAL TRANSPORT COMPANY. शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०१/२६ चलानी नं.: ६०२३७५१८ LT. NO.: 323611

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Duty Truck Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ६५,६६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ ३ गते (17 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्यादे जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क | भिषा स्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**मेमोरियल ओभरसिज सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं. १५६/०५६/०५७
टोखा–१०,सामाखुशी, काठमाडौं, नेपाल, फोनः ४९५८७८६, ४९८५३७३

## साउदीमा रोजगार

कम्पनीः UNITED ARAB TECHNICAL SERVICES COMPANY LTD. ONE PERSON COMPANY शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०८२/०१/२६ चलानी नं.: ६०२३७४६५ LT. No.:323497

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labors | 1 | 0 | स. काममा दक्ष | 1000 | ३६,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ ३ गते (17 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्यादे जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क | भिषा स्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | १०,००० कामदारले |

**Nepal HR Solution Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: १०८२/०७३/०७४
Sinamangal-09, Kathmandu, Nepal, Tel.: 01-4593554, Email :- snepalhr@gmail.com

## यूएईमा रोजगार

कम्पनी : PERFECT MANPOWER SUPPLY SERVICES शहरः DUBAI
पूर्व स्वीकृत मितिः २०८२/०१/२६ चलानी नं.: ६०२३७४५५ LT. No.: 323461

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst. Welder | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Maintainance Mechanic General | 35 | 0 | | 1000 | ३७२६० | | | | | | |
| 3. | Ordinary Labours | 25 | 0 | | 1000 | ३७२६० | | | | | | |

कम्पनी : V K N GENERAL SECURITY GUARD SERVICES शहरः DUBAI
पूर्व स्वीकृत मितिः २०८२/०१/२५ चलानी नं.: ६०२३७४०७ LT. No.: 323460

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४०९८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Electrician Labor | 5 | 0 | | 1500 | ५५८९० | | | | | | |
| 3. | Helper | 5 | 0 | | 1100 | ४०९८६ | | | | | | |
| 4. | Male Security Guards | 20 | 5 | | 1200 | ४४७१२ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ जेठ ३ गते (17 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्यादे जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क | भिषा स्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**LEADING AIM INTERNATIONAL PVT. LTD**
Govt. Lic. No.: 1170/073/074
Basundhara-3, Kathmandu, Tel: 01-5904026, 9818982798, 9813993444, 9808107471, 9808210594, 9851279803, 9808897905.
Email: leadingaim04@gmail.com, Web.: www.leadingaim.com.np

## युएईमा रोजगार

कम्पनीः PETROL MAHRA FOR GENERAL CONTRCTING LLC शहरः ABU DHABI
पूर्व स्वीकृत मितिः २०८२/०१/२६ चलानी नं.: ६०२३७५०६ L.T. No.: 323565

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helper (Male) | 14 | 0 | स. काममा दक्ष | 1300 | ४८,४३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ ३ गते (17 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्यादे जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क | भिषा स्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

**TEAMPRO H.R. Services Pvt Ltd**
Govt. License No.: 1153/073/074
P.O. Box:19845 | Halesi Marg, Mandikatar, Budhanilkantha -8, Kathmandu
Phone: 01-4372222, 9851056928, 9851125140 E-mail: teamprohrs@gmail.com

## साउदीमा रोजगार

कम्पनीः SAMA BUSINESS LOGISTICS SERVICES EST. शहरः DAMMAM
पूर्व स्वीकृत मितिः २०८२/०१/२६ चलानी नं.: ६०२३७५१२ L.T. No.: 323593

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Mechanic | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ७२,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Trucks Driver | 9 | 0 | | 1800 | ६५,६६४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ जेठ ३ गते (17 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्यादे जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क | भिषा स्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**SYNNET INTERNATIONAL PVT.LTD.**
Kupondol-10, Lalitpur, Tel: 01-5545018 Gov. Lic No. 206/057/058

## Malaysia मा रोजगार — Ai Force Security Services Sdn. Bhd

पूर्व स्वीकृती मितिः २०८२/१/२६ चलानी नं. ६०२३७५२७ LT No.: 323435

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 47 | 0 | [illegible] | 1700 | ५३,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ जेष्ठ ३ गते (17 May, 2025) यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।

**मा पद्मा प्लेसमेन्ट प्रा. लि.**
श्रम ईजाजत नं.: ९३६/०६७/०६८
बसुन्धारा, काठमाडौं, फोन नं. : ०१-४९५४९०६, ४९५४९६०, Email : info@maapadma.com


## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, घोराही शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

**(प्रकाशित मिति : २०८२/०१/२७ गते)**

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्व सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

**तपसिलः**

**ऋणीको नाम र ठेगाना :**

प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालयमा प्रा.फ. दर्ता नं. २०३९/२३ कायम भई मिति २०६७/०४/१२ मा दर्ता भएको दाङ्ग जिल्ला, घोराही गा.वि.स/न.पा. वडा नं. १० स्थित बबिन हार्डवेयर ।

**व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :**

१. रोवर बहादुर सेजवालको छोरी, राम सिंह रोकाको श्रीमती, दाङ्ग जिल्ला, नारायणपुर उ.म.न.पा/गा.वि.स वडा नं. ४ बस्ने हुकुमा रोका ।
२. भाषन रोका क्षेत्रीको नाति, हिम लाल रोका क्षेत्रीको छोरा, दाङ्ग जिल्ला, नारायणपुर उ.म.न.पा/गा.वि.स वडा नं. ४ बस्ने रामसिंह रोका ।
३. हिम लाल रोका क्षेत्रीको नाति, रामसिंह रोकाको छोरा, दाङ्ग जिल्ला, त्रिपुर न.पा. वडा नं. ३ बस्ने बबिन रोका ।

**धितो सुरक्षणको विवरण :**

१. हुकुमा रोकाको नाममा मालपोत कार्यालय घोराही दाङमा दर्ता श्रेस्ता कायम रहेको दाङ जिल्ला, नारायणपुर गा.वि.स/न.पा. वडा नं. ४ (नक्सा सि.नं. ४ग) को कित्ता नं. २३११ र २३२७ को क्रमशः ३१६ र ३१७ ब.मि. क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. हुकुमा रोकाको नाममा मालपोत कार्यालय घोराही दाङमा दर्ता श्रेस्ता कायम रहेको दाङ जिल्ला, नारायणपुर गा.वि.स/न.पा. वडा नं. ४ (नक्सा सि.नं. ४ग) को कित्ता नं. ११६८ को १२४.७८ ब.मि. क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. हुकुमा रोकाको नाममा मालपोत कार्यालय घोराही दाङमा दर्ता श्रेस्ता कायम रहेको दाङ जिल्ला, नारायणपुर गा.वि.स/न.पा. वडा नं. ५ (नक्सा सि.नं. ५क) को कित्ता नं. १५०४ को १६९.२९ ब.मि. क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**सानिमा बैंक** www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com


## मलेसियामा रोजगार

कम्पनीः PROFORALL SECURITY SERVICES & CONSULTANCY SDN BHD शहर : JALAN
पूर्व स्वीकृत मितिः २०८२/०१/२६ चलानी नं.: ६०२३७५३६ LT. No.: 323591

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 200 | 0 | स. काममा दक्ष | 1700 | ५४,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ ३ गते (17 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्यादे जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क | भिषा स्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | निःशुल्क |

**TILICHO OVERSEASE PVT.LTD.**
Gov. Lic No. 1234/074/075
Omnagar Sinamangal -9, Kathmandu, Tel :01 -4111014/9802800273/9861700427/9851097971
Email : tilichooverseas@gmail.com

## साउदीमा रोजगार

कम्पनीः GOLDEN STAR MEN'S HAIR SALON शहर : Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८२/०१/२६ चलानी नं.: ६०२३७५३३ L.T. No.: 323582

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barber | 2 | 0 | स. काममा दक्ष | 1600 | ५८,३६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनीः MOHAMMED IBRAHIM MOH. FALQI CONT. शहरः Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८२/०१/२६ चलानी नं.: ६०२३७५३२ L.T. No.: 323583

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 3 | 0 | स. काममा दक्ष | 1800 | ६५,६६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ ३ गते (17 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्यादे जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क | भिषा स्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**R.P. International Consultancy P. Ltd**
श्रम इजाजत नं. ४६१/०६१/०६२
Bishalnagar Chowk, Kathmandu, Nepal -Tel: 977-1-4443699, Fax: 977-1-4435847
Email: rpiconsultancy2005@gamil.com, Web.: www.rpinternational.com.np

## UAE मा रोजगार — Company : Saga Technical Services Llc

पूर्व स्वीकृती मितिः २०८२/१/२६ चलानी नं. ६०२३७४५० LT No.: 323481

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Carpenter | 5 | [illegible] | 1200 | ४५,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २. | Steel Fixer | 5 | | 1200 | ४५,०००।- | | | | | | | |

अन्तरवार्ता २०८२ जेष्ठ ३ गते (17 May, 2025) गते यस प्रा. लि. को कार्यालय सिनामंगलमा हुनेछ ।

**पावर हाउस ओभरसिज कन्सर्न प्रा. लि.**
श्रम ईजाजत नं.: ७४१/०६८/०६९
सिनामंगल–९, एयरपोर्ट, काठमाडौं, फोन : ४४६९७१०

## साउदीमा रोजगार

कम्पनी : ARCO HUMAN RESOURCES COMPANY. शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०१/२६ चलानी नं.: ६०२३७४५१ L.T. No.: 323563

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Duty Truck Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ७२,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Workshop Worker | 1 | 0 | | 1400 | ५१,०७२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ ३ गते (17 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्यादे जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क | भिषा स्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**सन हिल्स ओभरसिज सर्भिसेज प्रा. लि.**
Gov.Lic. No. 818/066/067
छाउनी मार्ग, सितापाईला, काठमाडौं, फोनः ०१–५९०४०५८
Email : sunhillsoverseas@gmail.com, info@sunhillsoverseas.com, Web: sunhillsoverseas.com
Mobile: 9813737367 / 9851343472 / 9851343372

## युएईमा रोजगार

कम्पनीः MEMC MIDDLE EAST MAINTENANCE AND CLEANING LLC शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०१/२६ चलानी नं.: ६०२३७४५३ L.T. No.: 323425

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 50 | 20 | स. काममा दक्ष | 800 | २९,८०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनीः UMM AL QUWAIN SECURITY SERVICES L.L.C. शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०१/२६ चलानी नं.: ६०२३७४५२ L.T. No.: 323423

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 100 | 0 | स. काममा दक्ष | 2000 | ७४,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनीः AL RAHAL CAR HANDI WASHING शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०१/२६ चलानी नं.: ६०२३७५३४ L.T. No.: 323520

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Cleaning Labour | 3 | 0 | स. काममा दक्ष | 1100 | ४०,९८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ ३ गते (17 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्यादे जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क | भिषा स्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**Perfect Recruiting Service Pvt. Ltd.**
श्रम इजाजत पत्र नं. ९५३/०६७/०६८
Prayas Nagar, Tokha-7, Kathmandu, Nepal, Tel : 014950764, 014987640
Email: info.perfectrecruiting@gmail.com, www.perfectrecruiting.com.np.

# बालबालिकाको विकासकालागि छुट्टै बजेट माग



